लुम्बिनी प्रदेशको उपलब्धि र चुनौतिहरू

असार २०८२

फेडरलिजम् एण्ड लोकलाइजेसन सेन्टर
भैँसेपाटी, ललितपुर

कृतज्ञता

लुम्बिनी प्रदेश सरकारको प्रारम्भिक संरचनागत विकासदेखि नीति निर्माण, बजेट निर्माण, कार्यक्रम कार्यान्वयन, तथा दीर्घकालीन रणनीतिगत दिशाको निर्धारणसम्मको यात्रा समेटिएको यस अध्ययनमूलक प्रतिवेदन तयार गर्ने क्रममा विभिन्न तह र निकायबीचको अन्तरसम्बन्ध र समन्वयपूर्ण प्रयास अत्यन्तै महत्त्वपूर्ण रहयो।

अध्ययनका क्रममा मार्गदर्शन प्रदान गर्नुहुने माननीय मुख्यमन्त्री चेतनारायण आचार्यप्रति विशेष आभार प्रकट गर्दछौँ । अध्ययनका क्रममा प्रथम मुख्यमन्त्री माननीय शंकर पोखरेल, पूर्व मुख्यमन्त्री माननीय डिल्ली चौधरी र प्रथम सभामुख माननीय पूर्ण बहादुर घर्तीले प्रदान गर्नु भएको मार्गनिर्देशनप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौँ । अध्ययनको क्रममा सल्लाह सुझाव प्रदान गर्ने पूर्वमन्त्री द्वय माननी इन्द्रजित थारू तथा माननी कृष्णा के.सी. र राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. गोविन्दराज पोखरेलप्रति हार्दिक धन्यवाद छ ।

प्रदेश सरकारका विभिन्न मन्त्रालय, आयोग, कार्यालयहरूका पदाधिकारी तथा कर्मचारीहरूबाट प्राप्त तथ्याङ्क, विचार र सुझावहरूले प्रतिवेदनलाई तथ्यपरक बनाएको छ । साथै, स्थानीय तहहरू, सङ्घीय सरकारका सम्बन्धित मन्त्रालयहरू तथा अन्य संवैधानिक र सार्वजनिक संस्थाहरूबाट प्राप्त सहकार्यले तहगत समन्वयको उत्कृष्ट उदाहरण प्रस्तुत गरेको छ।

यस अध्ययन प्रतिवेदनका संयोजक माननीय निमा गिरी प्रतिवेदन तयार गर्ने संस्थाका सदस्य तथा कार्यकारी निर्देशक प्रकाश पन्थ विशेष धन्यवादका पात्र हुन् । उहाँहरूका अनुसन्धान अनुभव, तथ्यहरूप्रति निष्ठा, गहिरो विश्लेषण क्षमता र प्रदेशप्रतिको संवेदनशील दृष्टिले यो प्रकाशनलाई गहनता र उपयोगिता प्रदान गरेको छ। यसैगरी, प्रतिवेदनलाई सम्पादन गरी पठनीय बनाउने संस्थाका बरिष्ठ कार्यक्रम संयोजक कृष्णकुमार साहलाई धन्यवाद व्यक्त गर्दछौँ । अनुसन्धानको अवधारणादेखि तयार पार्नसम्म सहयोग गर्नुभएका सबै सरोकारवाला, प्रदेशका पदाधिकारी, निकायहरू, र सहकर्मीहरूलाई पनि फेडरलिजम् एण्ड लोकलाइजेसन सेन्टर हार्दिक आभार प्रकट गर्दछ।

हामी आशा गर्छौं, यो अध्ययन लुम्बिनी प्रदेशको शासन अभ्यासबारे जान्न चाहने सबैका लागि मार्गदर्शक दस्तावेज हुनेछ। सङ्घीयताको संस्थागत सबलीकरण, उत्तरदायी सरकार र समावेशी विकासप्रति केन्द्रित यस्ता प्रयासहरू भविष्यमा पनि निरन्तर भइरहून भन्ने हाम्रो कामना छ।

फेडरलिजम् एण्ड लोकलाइजेसन सेन्टर
भैँसेपाटी, ललितपुर ।

२०८२, असार

कार्यकारी सारांश

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संरचनामा लुम्बिनी प्रदेशले आफ्नो स्थापना कालदेखि हालसम्मको अवधिमा महत्वपूर्ण उपलब्धिहरू हासिल गरेको छ। प्रदेश सरकार गठन भएको छोटो समयमै विकासका विभिन्न क्षेत्रहरू जस्तै : कृषि, पर्यटन, स्वास्थ्य, शिक्षा, रोजगारी, पूर्वाधार निर्माण, सूचना प्रविधि, सुशासन, तथा समावेशी सामाजिक विकासमा सन्तोषजनक प्रगति गरेको छ । प्रदेशले वार्षिक औसत ५.८ प्रतिशत आर्थिक वृद्धि हासिल गरेको छ । कृषिमा आधुनिक सिँचाइ प्रविधिको प्रयोग, स्मार्ट कृषि गाउँको कार्यान्वयन, र कृषि व्यवसायीकरणको प्रारम्भिक आधार तयार पारेको छ । पर्यटन क्षेत्रमा बुद्धको जन्मस्थल लुम्बिनी केन्द्रित गन्तव्यहरूको विकास, केवलकार सञ्चालन, तथा अन्तर-प्रदेशीय सहकार्यले समृद्धिको सम्भावना उजागर गरेको छ।

स्वास्थ्य र शिक्षामा पनि सकारात्मक सुधार गरेको छ । १२०० शैय्याको लुम्बिनी प्रादेशिक अस्पताल निर्माण गर्दैछ । रोजगारी सृजनाका लागि सीपमूलक तालिम, सहकारी प्रवर्द्धन, र साना उद्यमहरूको विस्तारमार्फत करिब ९ लाख नागरिक प्रत्यक्ष लाभान्वित भएका छन्। सूचना प्रविधिको क्षेत्रमा ई-गभर्नेन्स, अनलाइन सेवा प्रणाली, डाटा पोर्टल, तथा रोजगारी पोर्टलजस्ता कार्यक्रम प्रारम्भ गरेको छ ।

यी उपलब्धिहरूसँगै प्रदेश सरकार अझै पनि केही गम्भीर संरचनागत, नीतिगत, र व्यावसायिक चुनौतीको सामना गर्दैछ । योजनाको असमान वितरण, निर्वाचन क्षेत्रको राजनीतिक प्राथमिकता, नीति निर्माणमा केन्द्रको ढिलाइ, सङ्घीय अधिकार प्रयोगमा स्पष्टता नहुनु, तथा पूर्वाधार निर्माणमा समय र गुणस्तरको कमजोरी जस्ता समस्या छन् । सिँचाइका लागि अझै पनि पर्याप्त जल व्यवस्थापन र पूर्वाधार छैन । स्वास्थ्य र शिक्षाका क्षेत्रमा सबै जिल्लामा समान सेवा प्रवाह सुनिश्चित हुन सकेको छैन । उत्पादनमूलक अर्थतन्त्रमा रुपान्तरण हुन नसक्नु, श्रम बजार अनुसार जनशक्ति उत्पादन नहुनु, र निजी क्षेत्र तथा सहकारीबीच सहकार्यको अभावले विकासमा असर परेको छ ।

वातावरणीय सुरक्षा, चुरे क्षेत्रको संरक्षण, जलवायु परिवर्तनको असर, र विपद् व्यवस्थापनसम्बन्धी नीति तथा संरचना अझै पर्याप्त छैन । सूचना प्रविधिको पहुँच ग्रामीण क्षेत्रमा सीमितता र डिजिटल सेवा प्रयोगमा असमानता छ । सङ्घीयता कार्यान्वयनको सुरुवाती चरणमा देखिएको कानुनी अपूरोपन, कार्यान्वयन क्षमताको अभाव, र प्रदेशस्तरको स्वतन्त्र निर्णय प्रक्रियामा केन्द्रको हस्तक्षेपले पनि धेरै योजनाहरू रोकिएका छन्।

यी चुनौतीहरूको सामना गर्न प्रदेशले दीर्घकालीन रणनीति, तथ्याङ्कमा आधारित योजना निर्माण, जनसङ्ख्या र भूगोलमा आधारित बजेट विनियोजन, तथा समावेशी विकास अवधारणालाई नीति निर्माणको मूल आधार बनाउनु आवश्यक छ । सङ्घीय र स्थानीय तहसँग समन्वय बलियो बनाउँदै साझा लगानी, सहकार्य र जिम्मेवारी बाँडफाँट स्पष्ट गरिनुपर्छ । श्रम बजार र सिप विकासबीच सन्तुलन ल्याएर रोजगारमुखी शिक्षा प्रणाली विकास गर्नु जरुरी छ । पूर्वाधार निर्माणमा गुणस्तर र पारदर्शिता बढाउन अनुगमन प्रणाली सुधार गर्नुका साथै सूचना प्रविधिको पहुँच विस्तार गरी नागरिकमैत्री सेवा सुनिश्चित गरिनु आवश्यक छ ।

लुम्बिनी प्रदेशको विगत सात वर्षको यात्रा प्रारम्भिक सफलताबाट भविष्यको सम्भावनापूर्ण मार्गतर्फ उन्मुख भएको छ । यदि रणनीतिक दृष्टिकोणबाट चुनौतीहरूको स्पष्ट पहिचान र नीतिगत सुधार गर्न सक्यो भने लुम्बिनी प्रदेश नेपालकै नमुना प्रदेशका रूपमा स्थापित हुन सक्ने दृढ सम्भावना छ ।

विषय सूची

कार्यकारी सारांश 8

अध्याय १: परिचय.....1

१.१ पृष्ठभूमि.....1
१.२ औचित्य तथा उद्देश्य 2
१.३ विधि र सीमा.....3
१.४ संस्थागत संरचना 3

अध्याय २: प्रमुख उपलब्धिको क्षेत्रगत विवरण 6

२.१. आर्थिक क्षेत्र.....6
२.१.१ कृषि 6
२.१.२ पशुपन्छी.....6
२.१.३ सिँचाइ.....6
२.१.४ वन.....7
२.१.५ जैविक विविधता 7
२.१.६ उद्योग.....7
२.१.७ पर्यटन.....8
२.१.८ सहकारी.....8
२.२. सामाजिक क्षेत्र 9
२.२.१ शिक्षा 9
२.२.२ स्वास्थ्य.....9
२.२.३ खानेपानी 10
२.२.४ रोजगारी.....10
२.२.५ सामाजिक सुरक्षा.....10
२.३. पूर्वाधार क्षेत्र.....11
२.३.१ सडक पूर्वाधार र पुल निर्माण 11
२.३.२ विज्ञान तथा सूचना प्रविधि 11
२.३.३ सहरी तथा ग्रामिण विकास 11
२.३.४ प्रदेश प्रशासनिक भवन 12

२.४ प्रदेशका असल अभ्यास 12

२.४.१ प्रदेश राजधानी विकास आयोजना 12
२.५ सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र.....15

अध्याय ३: सार्वजनिक वित्त व्यवस्थापन 18

३. सार्वजनिक वित्त व्यवस्थापन.....18

अध्याय ४: अन्तरतह समन्वय र सहकार्य 21

४. अन्तरतह समन्वय र सहकार्य.....21

अध्याय ५: प्रदेशसभा सम्बन्धी विवरण.....23

५ प्रदेश सभा सम्बन्धी विवरण 23

अध्याय ६: प्रमुख चुनौती र निष्कर्षहरू.....24

६.१ प्रमुख चुनौतिहरू 24

६.२ निष्कर्ष 25

६.३ सुझाव.....25

सन्दर्भ सामाग्री.....26

अनुसुचीहरू 27

अध्याय १: परिचय

१.१ पृष्ठभूमि[1]

चित्र १ : लुम्बिनी प्रदेशको नक्सा

स्रोत : लुम्बिनी प्रदेश सरकारको वेभसाइट

लुम्बिनी प्रदेशमा संविधानबमोजिम नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रूपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, रूकुम(पूर्वी भाग), रोल्पा, प्युठान, दाङ, बाँके, बर्दिया गरी १२ ओटा जिल्लाहरू छन् । कुल १२ जिल्ला समावेश भएको लुम्बिनी प्रदेशअन्तर्गत तराईमा ६, पहाडमा ५ र हिमालमा १ जिल्ला छन्। प्रशासनिक एकाइका रूपमा १०९ स्थानीय तह रहेको यस प्रदेशमा ४ उपमहानगरपालिका, ३२ नगरपालिका र ७३ गाउँपालिका र ९८३ वडा छन् । उत्तरमा पुथा हिमालदेखि दक्षिणमा मर्चवारसम्म, पूर्वमा त्रिवेणी सुस्तादेखि पश्चिममा राजापुरसम्म जम्मा २२,२८८ वर्ग किलोमिटर भूभाग रहेको छ । नेपालको कुल क्षेत्रफलको १५.१४ प्रतिशत हिस्सा यस प्रदेशले ओगटेको छ ।

यस प्रदेशको आफ्नै मौलिक विशषेता हुनुका साथै शान्तिका अग्रदूत गौतम बुद्धको जन्मस्थल लुम्बिनी, तिलौराकोट तथा थुप्रै बुद्धकालीन ऐतिहासिक र सांस्कृतिक महत्वका सम्पदाहरू यसै प्रदेशमा पर्छन् ।

नेपालको जनगणना २०७८ अनुसार यस प्रदेशको कुल जनसङ्ख्या ५१,२२,०७८ छ । यसमध्ये पुरूषको सङ्ख्या २४,५४,४०८ (४७.९२ प्रतिशत) र महिलाको २६,६७,६७० (५२.०८ प्रतिशत) छ । प्रदेशको लैङ्गिक अनुपात ९२.०१ छ । यो प्रदेशमा ११,४१,९०२ परिवारको बसोबास छ जहाँ औसत परिवार आकार ४.४९ छ । उक्त परिवारमध्ये एकल परिवार ५८.४ प्रतिशत र संयुक्त परिवार ४१.६ प्रतिशत छन् । वार्षिक जनसङ्ख्या वृद्धिदर १.२४ प्रतिशत (अन्य प्रदेशको तुलनामा सबैभन्दा बढी) छ भने यस प्रदेशको जनघनत्व २३० प्रति वर्ग कि. मि. छ ।

[1] पृष्ठभूमि खण्ड राष्ट्रिय जनगणना २०७८ प्रदेशस्तरीय जनसाङ्ख्यिक प्रतिवेदन, २०८१को आधारमा तयार गरिएको छ।

यस प्रदेशमा कुल १२२ जातजाति बसोबास गर्छन् जसमा पाँच प्रतिशत भन्दा बढी हुने जातजातिमा क्रमश: मगर (१४.६%), थारु (१४.३%), क्षेत्री (१४.२%), ब्राम्हण (११.३%), मुसलमान (७.१%) र विश्वकर्मा (६.१%) छन् ।

यो प्रदेशमा कुल ६७ वटा मातृभाषा बोलिन्छन् जसमा पाँच प्रतिशत भन्दा बढी बोलिने मातृभाषामा नेपाली (५०.९%) र दोस्रोमा अवधि (१६.७%) तथा तेस्रोमा थारु (१३.६%) र चौथोमा भोजपुरी (११.०%) छन्। त्यसैगरी प्रदेशको जनसङ्ख्याको ८८.४% हिन्दु तथा ७.४% इस्लाम धर्मावलम्बीहरू छन् ।

यो प्रदेशको समग्र साक्षरता दर ७८.१ प्रतिशत छ जहाँ पुरुषको साक्षरता दर ८५.२ प्रतिशत र महिलाको साक्षरता दर ७१.७ प्रतिशत छ जबकि ५-१७ वर्षका बालबालिकाको समग्र साक्षरता दर करिब ९५ प्रतिशत छ ।

ग्रामीण तथा सहरी क्षेत्रको श्रेणीगत वर्गीकरणअनुसार यस प्रदेशमा ३१.२ प्रतिशत जनसङ्ख्या ग्रामीण, ५२.२ प्रतिशत जनसङ्ख्या अर्धशहरी र १६.५ प्रतिशत जनसङ्ख्या शहरी क्षेत्रमा बसोबास गर्छन् ।

यो प्रदेशमा कुल प्रजनन् दर १.८४ छ भने औसत आयु ६९.५ वर्ष (पुरुष - ६६.१० वर्ष र महिला - ७२.५ वर्ष) छ । यस प्रदेशमा अझैपनि बालविवाहको दर १४.६ प्रतिशत (पुरुष - ५.५ % र महिला - २१.८%) छ ।

नेपालको संविधानले नेपालको संरचना सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको संवैधानिक तथा कानूनी व्यवस्था गरे बमोजिम प्रदेशको स्थापना भएको हो । मिति २०७७/०६/२० को प्रदेश सभाको बैठकले प्रदेशको राजधानी राप्ती उपत्यका (देउखुरी) दाङ र लुम्बिनी प्रदेश नामकरण गरेको हो ।

१.२ औचित्य तथा उद्देश्य

लुम्बिनी प्रदेश सरकार स्थापना भएको ७ वर्ष पुरा भएको छ । सङ्घीयताको अभ्यासँगै प्रदेश सरकारको उपस्थितिले तहगत समन्वय सहज बनाएको छ । प्रदेश र स्थानीय तहको अधिकारको सूची अध्ययन गर्दा प्रदेशहरू विकास निर्माणका कार्यमा मुख्य भूमिकामा रहने र स्थानीय तह सेवा प्रवाहको प्रमुख संयन्त्र रहने व्यवस्था रहेको छ ।[2] स्थापना भएदेखि प्रदेश सरकारले नीति निर्माण, पूर्वाधार विकास, रोजगारी सिर्जना, तथा सेवासुविधा विस्तारका क्षेत्रमा उल्लेखनीय प्रगति गरेको छ । तर, यी उपलब्धिहरू व्यापक रूपमा प्रचार-प्रसार हुन सकेका छैनन्। साथै, कार्यान्वयनको विश्लेषणको अभावका कारण यी उपलब्धिहरूको वास्तविक प्रभावको मूल्याङ्कन अपूर्ण छ । प्रदेश सरकारका हालसम्मका कार्यबाट हासिल गरेका उपलब्धिको सम्बन्धमा उपलब्ध तथ्य र तथ्याङ्कहरूको आधारमा अध्ययन र विश्लेषण कार्य यो अनुसन्धानमा गरिएको छ।

[2] राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग जानकारी पुस्तिका, २०७५ ।

प्रदेश सरकार सञ्चालनका विभिन्न स्तरमा देखा परेका समस्याहरूको बारेमा अध्ययन गरी तिनका समाधानका विकल्पहरू सुझाव प्रस्तुत गर्न तथा प्रदेश सरकारको सामुन्नेमा रहेका चुनौतिहरू समेत पहिचान गरी सो को सामना गर्ने उपायहरू समेत सिफारिस गर्ने यो अध्ययनको उद्देश्य हो । लुम्बिनी प्रदेश सरकारले आफ्नो स्थापना कालदेखि हालका दिनसम्मको यात्रा तय गर्दा हासिल गरेका उपलब्धि तथा अबका दिनमा रहेका चुनौतिका सम्बन्धमा जानकारी, तथ्य, तथ्याङ्कको उपलब्धता देखि लिएर सम्बन्धित विषयमा अध्ययन अनुसन्धानका लागि सन्दर्भ सामाग्री समेतका लागि प्रस्तुत अध्ययन प्रतिवेदन उपयोगी हुनेछ । यस अध्ययनले प्रदेशलाई बलियो बनाउन र सङ्घीयता सबलीकरण गर्न समेत मद्दत पुग्ने अपेक्षा छ ।

१.३ विधि र सीमा

यो अध्ययन प्रतिवेदन तयार गर्न विभिन्न स्रोतहरूबाट आवश्यक विवरण सङ्कलन गरिएको छ । यस प्रतिवेदनमा उल्लेख गरिएका तथ्य तथा तथ्याङ्कहरू द्वितीय स्रोतमा आधारित छन् । प्रदेश सरकारका मन्त्रालय, प्रदेश सभा तथा अन्य निकायका प्रकाशन तथा उपलब्ध तथ्याङ्क, महालेखापरीक्षकको कार्यालयको प्रतिवेदन (लुम्बिनी प्रदेश), समेतलाई प्रतिवेदनका तयारीको आधारको रूपमा ग्रहण गरिएको छ । प्रकाशन नभएका सूचनाहरूका लागि सम्बन्धित मन्त्रालयबाट सूचना माग गरी औपचारिक र प्रमाणित सूचनालाई प्रतिवेदनको अङ्ग बनाइएको छ। तथ्याङ्कको विश्वसनीयता कायम राख्न आधिकारिक स्रोतमा केन्द्रित तथ्याङ्कको आधारमा विश्लेषण गरिएको छ ।

मुख्यमन्त्री, पूर्व मुख्यमन्त्रीहरू, आर्थिक मामिला तथा योजना मन्त्रीका साथै मन्त्रालयका सचिव, योजना महाशाखा प्रमुख र आयोगका प्रमुख तथा कार्यालय प्रमुखसँग छलफल गरिएको छ । यस प्रतिवेदनमा उल्लेखित सामाग्रीहरू सबै सम्बन्धित विषयगत मन्त्रालयबाट प्राप्त विवरण हुन् । कैँयौ काम अभिलेखीकरण नभएका लिखित जानकारी प्राप्त हुन सकेन। यो सीमा समस्याका बाबजुद प्रदेश सरकार बने यताको प्राप्त विवरणलाई प्रतिवेदनमा समेटिएको छ।

प्रस्तुत अध्ययन प्रतिवेदनले लुम्बिनी सरकारले विषयगत क्षेत्रमा हासिल गरेका मुख्य मुख्य उपलब्धि र आउँदो दिनका लागि सतहमा देखिएका मुख्य-मुख्य व्यवधानहरू सम्मको जानकारी प्रदान गर्दछ। त्यसभन्दा बाहिर रहेर वा यसै विषयमा थप सुक्ष्म अध्ययन तथा विश्लेषण प्राप्त गर्ने प्रयोजनमा यो संक्षिप्त प्रतिवेदनले उपलब्ध गराउने जानकारी र सूचना अपर्याप्त हुनसक्छ । तथापि, प्राप्त स्रोत, र तथ्याङ्कको आधारमा तयार पारिएको यस प्रतिवेदनमा प्रदेश सरकारका उपलब्धिहरू, सामना गरिएका चुनौतीहरू तथा आवश्यक सुधारका उपायहरूबारे वस्तुगत विश्लेषण गरी प्रस्तुत गर्ने प्रयत्न गरिएको छ।

१.४ संस्थागत संरचना

तालिका १ : मुख्यमन्त्री तथा प्रदेश प्रमुखको विवरण

पहिलो प्रदेश सभाको

क. माननीय मुख्यमन्त्री	कार्यकाल
१. श्री शंकर पोखरेल	२०७४/११/०३ देखि २०७८/०४/२७ सम्म
२. श्री कुल प्रसाद केसी (सोनाम)	२०७८/०४/२८ देखि २०७९/०९/२७ सम्म
३. श्री लिला गिरी	२०७९/०९/२८ देखि २०८०/०१/१४ सम्म
४. श्री डिल्ली बहादुर चौधरी	२०८०/०१/१५ देखि २०८०/१२/२४ सम्म
५. श्री जोख बहादुर महरा	२०८०/१२/२५ देखि २०८१/०४/०८ सम्म
६. श्री चेत नारायण आचार्य	२०८१/०४/०९ देखि हालसम्म
ख. माननीय प्रदेश प्रमुख	**कार्यकाल**
१. मा.उमाकान्त झा	२०७४/१०/०७ देखि २०७६/०७/१७ सम्म
२. मा.धर्मनाथ यादव	२०७६/०७/१८ देखि २०७८/०४/१२ सम्म
३. मा.अमिक शेरचन	२०७८/०४/१२ देखि २०८१/०४/१६ सम्म
४. मा.कृष्ण बहादुर घर्ति	२०८१/०४/१७ देखि हालसम्म
स्रोत: मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश।	

निर्वाचनपछि मिति २०७४/११/०३ मा यस प्रदेशमा पहिलो पटक प्रदेश सरकार गठन भएको थियो | प्रदेशको स्थापनापश्चात हालसम्म यस प्रदेशका मुख्यमन्त्री तथा प्रदेश प्रमुखहरुको विवरण तालिका १ मा दिइएको छ |

प्रथम प्रदेश प्रमुखको रुपमा माननीय उमाकान्त झाको २०७४ साल माघ ७ गते पद बहालिसँगै बुटवलमा कार्यालय स्थापना भएको थियो। यस प्रदेशमा हाल मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सहित १२ वटा मन्त्रालयहरू छन् । अन्य संस्थागत संरचनाहरुमा प्रदेश प्रमुखको कार्यालय प्रदेश सभा सचिवालय, प्रदेश लोक सेवा आयोग, प्रदेश योजना आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय, प्रदेश कानुन मस्यौदा तथा सुझाव आयोग, प्रदेश पूर्वाधार विकास प्राधिकरण, लुम्बिनी

प्राविधिक विश्वविद्यालय लगायतका सरकारी निकायहरु छन् । प्रदेश अन्तर्गतका सरकारी निकायहरुका लागि विभिन्न पदका जम्मा ३९३९ स्थायी दरबन्दी कायम गरेको छ । यसका अतिरिक्त ६४८ अस्थायी दरबन्दी सिर्जना गरी कार्य सञ्चालन गरिरहेको छ । आ.व. २०७९/८० को अवस्था हेर्दा कुल दरबन्दीको करीब ५५ प्रतिशत मात्र पदपूर्ति भएको देखिन्छ ।

तालिका २ : प्रदेशको संस्थागत संरचना र सङ्ख्या

संरचना	सङ्ख्या	संरचना	सङ्ख्या
१. प्रदेश सभा सचिवालय	१	२. प्रयोगशाला	५
३. प्रदेश मन्त्रालय	१२	४. अस्पताल	१३
५. प्रदेश लोक सेवा आयोग	१	६. आयुर्वेद स्वास्थ्य केन्द्र	१०
७. मुख्य न्यायाधिवक्ताको कार्यालय	१	८. डिभिजन/केन्द्र /फर्म तथा कार्यालय	१३६
९. प्रदेश योजना आयोग	१	१०. संग्रहालय	१
११. निर्देशनालय	७	१२. आयोजना	२
१३. प्रतिष्ठान/प्राधिकरण	२	१४. प्रदेश प्राविधिक बिश्वविद्यालय	१
१५. तालिम /प्रसिक्षण केन्द्र	४	१६. प्रदेश खेलकुद परिषद	१
जम्मा			१९७

स्रोत : मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश ।

तालिका ३ : प्रदेशमा दरबन्दी र कर्मचारीको सङ्ख्या

स्वीकृत दरबन्दी सङ्ख्या			पद पूर्तिको अवस्था			कार्यरत अस्थायी /करार /ज्यालादारी	कुल रिक्त	पदपूर्ति प्रतिशत
स्थायी	अस्थायी	कुल	समायोजन/पदस्थापन	कामकाज	जम्मा			
३९३९	६४८	४५८७	२३१३	१९७	२५१०	१२६०	२०७७	५४.७१

स्रोत : मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश ।

अध्याय २: प्रमुख उपलब्धिको क्षेत्रगत विवरण

२.१. आर्थिक क्षेत्र

२.१.१ कृषि

प्रदेशले कृषि क्षेत्रको समग्र सुधार र उत्पादन वृद्धिका लागि बहुआयामिक प्रयासहरू गरेको छ । संरचना निर्माण र भण्डारण पूर्वाधार विकास अन्तर्गत ३३७ वटा परियोजना सम्पन्न गरेको छ, जसमा ३३ वटा खाद्यान्न भण्डारण गृह, १९ वटा शीत भण्डार गृह र १०२ वटा बजार पूर्वाधार समावेश छन् । यी संरचनाले कृषकहरूलाई उपजको सुरक्षित भण्डारण तथा सहज बजार पहुँचको अवसर प्रदान गरेका छन् । साथै, कृषि स्रोत केन्द्रहरू (च्याउ, मौरी, रेशम, खाद्यान्न बीउ आदि) को स्थापना तथा सुधार गरेर कुल ४०० केन्द्रहरू मार्फत गुणस्तरीय बीउ तथा बिरुवाको पहुँच सुनिश्चित गरेको छ । प्रदेशले तरकारी तथा फलफूल नर्सरी स्थापना गरेर १८५ वटा परियोजनाले उत्पादन र आपूर्तिमा सहजता ल्याएको छ । ६,७६२ वटा टनेलहरू निर्माण गरी बेमौसमी तरकारी उत्पादनमा उल्लेखनीय वृद्धि गरेको छ । साथै, आर्थिक वर्ष २०७५/७६ मा सुरु गरेको स्मार्ट कृषि गाउँ कार्यक्रमले कृषि प्रणालीलाई प्रविधिमैत्री, उन्नत र आयमुखी बनाउने दिशामा महत्वपूर्ण योगदान पुर्याएको छ ।

२.१.२ पशुपन्छी

पशुपन्छी क्षेत्रलाई आधुनिक, व्यवसायिक र आत्मनिर्भर बनाउने उद्देश्यले प्रदेशमा बहुपक्षीय कार्यक्रमहरू सञ्चालनमा ल्याएको छ । कुल ३,३३८ हेक्टर क्षेत्रमा माछा पालन विस्तार गरेको छ भने १६० वटा माछा बिउ पोखरीहरू सञ्चालनमा छन् । यसले जल स्रोतको उपयोगमा वृद्धि गर्दै रोजगार सिर्जना पनि गरेको छ । पशुपालनमा फुड भ्यालु चेन निर्माणले बजारमा उत्पादकता र मूल्यवृद्धिमा सहयोग पुर्याएको छ । प्रदेशले नश्ल सुधार अभियान अन्तर्गत हरेक वर्ष औसत ८० हजार पशुहरूमा कृत्रिम गर्भाधान सेवा प्रदान गर्दै आएको छ, जुन प्रदेशको स्थापनापछि ८०%ले वृद्धि भएको छ । प्रत्येक वर्ष करिब १५ लाख पशुपन्छीमा रोगविरुद्ध खोप सेवा र २ लाख ५० हजारमा उपचार सेवा उपलब्ध गराएको छ । अत्याधुनिक पशुखोर निर्माण अन्तर्गत बाँकेको खजुरामा ५ हजार माउ अट्ने २ वटा खोर निर्माण गरेर व्यवस्थित पशुपालनको पूर्वाधार तयार पारेको छ, जसले आधुनिक कृषि प्रणालीको आधार बलियो बनाएको छ।

२.१.३ सिँचाइ

प्रदेश सरकारले सिँचाइ पूर्वाधार विकासमार्फत कृषि उत्पादनशिलता वृद्धि गर्ने उल्लेखनीय सफलता हासिल गरेको छ । २०,७८२ हेक्टर जमिनमा बहुउद्देश्यीय जलाशय र आधुनिक प्रविधिको प्रयोग गरेर सिँचाइको सुविधा विस्तार गरेको छ । कुल कृषियोग्य जमिनको ५५.७ प्रतिशतमा सिँचाइको व्यवस्था गरेको छ भने ३६ प्रतिशत क्षेत्रफलमा १२ महिनै सिँचाइ हुने सुविधा उपलब्ध गराएको छ । यसका लागि ७,३७७ वटा साना सिँचाइका आयोजना निर्माण सम्पन्न गरेको छ । बाढी नियन्त्रण र भूमिको सुरक्षाका लागि १८३.३० किमी तटबन्ध निर्माण गरी २,५८१ हेक्टर जमिन उकास, १४,०८९ हेक्टर जमिन सुरक्षित तथा १७,४७७ घरपरिवारलाई जोखिममुक्त बनाएको छ । यसले कृषि क्षेत्रमा उत्पादन बढाउनुका साथै जीवनस्तर सुधारतर्फ पनि महत्वपूर्ण भूमिका खेलेको छ ।

२.१.४ वन

जैविक विविधता संरक्षण, वातावरण सन्तुलन तथा हरियाली प्रवर्द्धनका लागि वन क्षेत्रको समुचित व्यवस्थापनमा जोड दिएको छ । जैविक संग्रहालय, वनस्पति उद्यान र चिडियाखाना जस्ता संरचना स्थापना गरेर जैविक विविधता संरक्षणको कार्यलाई संस्थागत बनाएको छ । सडक सौन्दर्यीकरण योजनाअन्तर्गत करिब ९ किमी क्षेत्रमा वृक्षारोपण गरी सडकहरूलाई हरियाली बनाएको छ । प्रदेशले निश्चित पकेट क्षेत्रहरूमा वृक्षारोपण गरी समयानुकूल काट्ने तथा बिक्री गर्ने प्रणालीको विकासमार्फत व्यावसायिक वन क्षेत्रको अवधारणा कार्यान्वयन गरेको छ । यसले वातावरणीय सुरक्षा मात्रै होइन, आर्थिक सशक्तिकरणमा समेत योगदान पुर्याएको छ।

२.१.५ जैविक विविधता

प्रदेशमा जैविक विविधताको संरक्षण र प्रवर्द्धनका लागि अनुसन्धान, अभिलेखीकरण तथा वातावरणीय पुनर्स्थापनाका कार्यक्रमहरू सञ्चालन गरेको छ । जडीबुटी तथा सुगन्धित वनस्पति सम्बन्धी अभिलेखीकरण तथा अध्ययन अनुसन्धानका कार्यहरूबाट स्थानीय जैविक सम्पदाको वैज्ञानिक प्रयोगलाई प्रोत्साहन गरेको छ । जलाधार क्षेत्रको संरक्षण र पोखरी रिचार्ज प्रणालीले भूगर्भीय जलस्रोतको सन्तुलन कायम राख्न सहयोग गरेको छ । बर्दिया राष्ट्रिय निकुञ्जमा वन्यजन्तुहरूका लागि खानेपानीको व्यवस्था गरेको छ भने जगदिशपुर, जखेरा जस्ता तालमा जीवजन्तुहरूको संरक्षण गरेको छ । साथै, गुणस्तर ह्रास भइसकेका सिमसार क्षेत्रको पहिचान तथा व्यवस्थापनमार्फत वातावरणीय प्रणालीलाई पुनः स्थायित्व प्रदान गरेको छ ।

२.१.६ उद्योग

प्रदेशको कुल ग्राहस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान उल्लेखनीय छ, जसले ५५ प्रतिशत हिस्सा ओगटेको छ । ६९६ ठूला उद्योगहरू सङ्घीय सरकार अन्तर्गत सञ्चालनमा छन् भने ६ वटा उद्योगहरूमा वैदेशिक लगानी समेत गरेको छ । प्रदेशले उत्पादनमूलक श्रमशक्ति विकासका लागि उद्यमशीलता तथा सीप विकास तालिम सञ्चालन गरेको छ । प्रदेश सिमेन्ट उत्पादनमा आत्मनिर्भर छ, जसले निर्माण क्षेत्रमा आत्मबल बढाएको छ । कृषिप्रधान प्रदेश भएकाले मोतिपुर, नौवस्ता र घोराही औद्योगिक क्षेत्रहरूका लागि झण्डै २,००० बिगहा जमिन प्राप्त गरेर औद्योगिक पूर्वाधार विस्तार गरेको छ । यी प्रयासहरूले स्थानीय रोजगारी, आयआर्जन र आयात प्रतिस्थापनमा सकारात्मक प्रभाव पारेको छ ।

२.१.७ पर्यटन

पर्यटन क्षेत्र प्रदेशको आर्थिक समृद्धिको अर्को महत्वपूर्ण आधार हो । लुम्बिनी प्रदेशले हालसम्म २८३ वटा पर्यटकीय गन्तव्यको पहिचान तथा व्यवस्थापन गरिसकेको छ, जसले कुल ग्राहस्थ उत्पादनमा ४% योगदान पुर्याएको छ । पर्यटकीय पहुँचमार्गको निर्माणले पर्यटकहरूको सहज आगमन सम्भव बनाएको छ । लुम्बिनी बौद्ध सर्किट प्रदेश सरकारद्वारा सञ्चालित प्रमुख परियोजना हो, जसले भारतसँग समेत प्रत्यक्ष पर्यटन सम्बन्ध विकास गरेको छ । कर्णाली र गण्डकी प्रदेशसँग कृषि तथा पर्यटन क्षेत्रमा सहकार्यको लागि सम्झौता गरी प्रदेशीय समन्वयमा थप सघनता ल्याइएको छ । प्युठानको वड्डाडा नजिक हिलस्टेशनको विकास, जहाँ निजी क्षेत्रद्वारा दैनिक सयौं पर्यटकलाई सेवा उपलब्ध गराएको छ । यसले प्रदेशको आकर्षणमा थप वृद्धि भएको छ । बुटवलको गोलपार्क देखि पाल्पाको तिनाउ गाउँपालिकाको वसन्तपुर सम्म र बुटवलदेखि पाल्पाको नुवाकोट सम्म दुईवटा केवलकारले प्रदेशको पर्यटनलाई आधुनिकता प्रदान गरेको छ ।

२.१.८ सहकारी

सहकारी प्रणाली प्रदेशको सामाजिक तथा आर्थिक सुदृढीकरणको आधारशिला बनेको छ । हालसम्म करिब ३,७५५ वटा सहकारी संस्था सञ्चालनमा छन्, जसले वित्तीय पहुँच, कृषि उत्पादन, रोजगारी र साना व्यवसायको प्रवर्द्धनमा ठोस योगदान दिएका छन् । कुल जनसङ्ख्याको करिब १७.५४ प्रतिशत (झण्डै ९ लाख व्यक्ति) सहकारीमा आबद्ध छन्, जसले समुदाय स्तरमा वित्तीय साक्षरता, उद्यमशीलता र आपसी सहकार्यको भावना विकास गरेको छ । सहकारी संस्थाहरूले खासगरी ग्रामीण अर्थतन्त्रमा गतिशीलता ल्याउँदै, समावेशी आर्थिक विकासलाई टेवा पुर्याएका छन् ।

२.२. सामाजिक क्षेत्र

२.२.१ शिक्षा

लुम्बिनी प्रदेशले शिक्षाको पहुँच र गुणस्तर सुधार गर्ने उद्देश्यले विविध कार्यक्रमहरू सञ्चालन गरेको छ । कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययन गर्ने विद्यार्थीहरूलाई लक्षित गर्दै छात्रवृत्ति कार्यक्रम लागू गरेको छ, जसको प्रभावस्वरूप प्रदेश स्थापना प्रारम्भमा ४०० रहेको विद्यार्थी सङ्ख्यामा वृद्धि भई हाल २,४०० पुगेको छ । यसले विज्ञान तथा प्रविधिमा विद्यार्थीको आकर्षण बढाउँदै प्रदेशको प्राविधिक जनशक्ति विकासमा योगदान पुर्याएको छ । यस्तै, "मेरो विद्यालय मेरो दायित्व" कार्यक्रम अन्तर्गत लुम्बिनी प्रदेशमा ख्याती प्राप्त व्यक्तिहरूलाई आफ्नो आधारभूत तह अध्ययन गरेको विद्यालयमा अतिथि शिक्षकका रूपमा पठाएको छ, जसबाट विद्यार्थीहरूलाई प्रेरणा, मार्गदर्शन र व्यावहारिक ज्ञान प्रदान गर्न सकेको छ । यी प्रयासहरूले शिक्षा क्षेत्रको नवप्रवर्तन तथा स्थानीय शैक्षिक वातावरणमा सकारात्मक ऊर्जा भरिदिएको छ।

२.२.२ स्वास्थ्य

प्रदेशको स्वास्थ्य क्षेत्रलाई समावेशी, पहुँचयोग्य र गुणस्तरीय बनाउने दिशामा लुम्बिनी प्रदेशले उल्लेखनीय प्रगति गरेको छ । प्रदेशले करिब १,२०० शैयाको लुम्बिनी प्रादेशिक अस्पतालको स्थापना गरेको छ, जुन उच्चस्तरीय उपचार सेवाका लागि महत्वपूर्ण केन्द्रको रूपमा विकास भइरहेको छ । महिला स्वास्थ्य, किशोर-किशोरी यौनिकता शिक्षा, सुरक्षित गर्भपतन, पाठेघर समस्या समाधान, परिवार नियोजन, एकद्वार सङ्कट व्यवस्थापन प्रणाली, सरुवा रोग नियन्त्रण लगायतका कार्यक्रमहरू सञ्चालन गरी स्वास्थ्य सेवाको प्रभावकारिता बढाएको छ । ट्रमा सेन्टर, कृत्रिम अङ्ग सेवा, एम्बुलेन्स र शव वाहन जस्ता सेवा सुविधा विस्तार गरेको छ । यस्ता कार्यक्रमहरूले जनताको

जीवनस्तरमा सुधार ल्याउनुका साथै विपद् व्यवस्थापन र आपतकालीन सेवाको पहुँचलाई पनि बलियो बनाएका छन् ।

२.२.३ खानेपानी

"एक घर, एक धारा" नारालाई व्यवहारमा रूपान्तरण गर्दै लुम्बिनी प्रदेशले खानेपानीको पहुँचलाई विस्तार गरेको छ । हालसम्म कुल घरधुरीमध्ये ९२.८ प्रतिशत घरमा खानेपानीको पहुँच पुगेको छ । यसको लागि १,५५० वटा इन्टेक संरचना, ३६५ वटा डिप बोरिङ, ७६ वटा लिफ्ट खानेपानी आयोजना तथा ६८,६७५ वटा निजी धारा निर्माण गरेको छ । प्रदेशले ३६७ वटा आयोजना सम्पन्न गरी ३ लाख ९१ हजारभन्दा बढी जनसङ्ख्यालाई लाभान्वित गरेको छ । कपिलवस्तुमा प्रादेशिक पानी परीक्षण प्रयोगशाला स्थापना गरेको छ । पानी प्रसोधन प्रणालीको जडान प्रक्रिया पनि अघि बढाएको छ । यसले गुणस्तरीय तथा सुरक्षित खानेपानी सेवामा अभूतपूर्व सुधार ल्याएको छ ।

२.२.४ रोजगारी

प्रदेशमा रोजगारी सिर्जना र युवाहरूको सिप विकासका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरेका छन् । आवश्यकता अनुसार सिपमूलक तालिम प्रतिष्ठान स्थापना गरेको छ, जसबाट स्थानीय स्रोत र क्षमताका आधारमा दक्ष जनशक्ति उत्पादन गरिरहेको छ । परम्परागत सिप र व्यवसायको संरक्षण तथा प्रवर्द्धनमार्फत सांस्कृतिक सम्पदा र हस्तकला क्षेत्रको पुनरुत्थान गरेको छ । रोजगारी पोर्टल विकास प्रक्रियामा रही डिजिटल माध्यमबाट रोजगारी सूचना र अवसरलाई पहुँचयोग्य बनाउन लागेको छ । यस्ता पहलहरूले युवाहरूको आत्मनिर्भरता बढाउँदै प्रदेशको समग्र मानव विकासमा योगदान पुर्याइरहेको छ ।

२.२.५ सामाजिक सुरक्षा

सामाजिक न्याय र मानव अधिकारको प्रवर्द्धनमा लुम्बिनी प्रदेशको भूमिका महत्त्वपूर्ण छ । प्रदेश सरकारले सडक मानवहरूसँग सम्बन्धित संस्थाहरूको समन्वयमा करिब ७०० जना सडक मानवहरूको उद्दार गरेको छ । उद्दारपछि उनीहरूलाई खाद्यान्न, स्वास्थ्य सेवा तथा आवासीय भवनको व्यवस्था गरी पुनःस्थापनाको प्रयास गरेको छ । सामाजिक सुरक्षा क्षेत्रमा यस्तो प्रत्यक्ष हस्तक्षेपले बेसहारा, जोखिममा रहेका व्यक्तिहरूको जीवनमा पुनः विश्वास र स्थायित्वको अनुभूति गराएको छ ।

तालिका ४ : प्रदेश सरकारबाट सडक तथा पुल निर्माण सम्पन्न	
विवरण	उपलब्धि
ग्राभेल	१,४८३ कि.मि.
कालोपत्रे	१,१६४ कि.मि.
ढलान	७७ कि.मि.
सडक चौडा	१,७४५ कि.मि.
नयाँ ट्रयाक	६२० कि.मि.
कल्भर्ट र ह्युम पाइप निर्माण	५,०७६ वटा
पक्की पुल	१५२ वटा
झोलुङ्गे पुल	४७ वटा

२.३. पूर्वाधार क्षेत्र

२.३.१ सडक पूर्वाधार र पुल निर्माण

लुम्बिनी प्रदेशमा सडक पूर्वाधारको विकासले गति लिएको छ । प्रदेशले हालसम्म ४,५४३ कि.मि. प्रादेशिक सडक सञ्जाल विस्तार गरेको छ । १०८ वटा स्थानीय तहमा १२ महिना सञ्चालन योग्य सडक सुविधा पुगेको छ । नयाँ ट्रयाक निर्माण ६२० कि.मि., ग्राभेल १,४८३ कि.मि., कालोपत्रे १,१६४ कि.मि. र ढलान ७७ कि.मि. सम्पन्न गरेको छ । ५,०७६ वटा कजवे, कल्भर्ट र ह्युम पाइप निर्माण गरेको छ ।

सडक चौडा गर्ने कार्यमा १,७४५ कि.मि. क्षेत्र समेटेको छ । हुलाकी सडकको प्रयोग गर्दै भैरहवा नाका जोड्ने वैकल्पिक मार्ग निर्माणले औद्योगिक विकासको सम्भावना वृद्धि गरेको छ । पुथा उत्तरगंगामा पहुँचमार्ग निर्माणका लागि बजेट विनियोजन गरेको छ भने स्थानीय तह स्तरीय सडकहरूलाई कालोपत्रेमा स्तरोन्नति गर्ने कार्यक्रमले करिब १०९ कि.मि. बाटो कालोपत्रे सम्पन्न गरेको छ । सडक सञ्जाल विस्तारसँगै पुल निर्माणमा पनि महत्वपूर्ण उपलब्धि हासिल गरिएको छ। हालसम्म १५२ वटा पक्की पुल र ४७ वटा झोलुङ्गे पुलको निर्माण सम्पन्न भएको छ, जसले दुर्गम र टाढाका बस्तीहरूलाई सडक सञ्जालमा जोडेर सामाजिक तथा आर्थिक क्रियाकलापलाई सहज बनाएको छ।

२.३.२ विज्ञान तथा सूचना प्रविधि

लुम्बिनी प्रदेशले डिजिटलाइजेसनलाई प्राथमिकता दिँदै सूचना प्रविधिको विकासमा अग्रसर बनेको छ। इन्टिग्रेटेड अफिस म्यानेजमेन्ट सिस्टम, डाटा पोर्टल, रोजगारी पोर्टल, इ-हाजिरी प्रविधिको विकास गरी प्रयोगमा ल्याइएको छ । मोबाइल एपमार्फत सेवा प्रवाहको थालनी, आइसीटी प्रतिष्ठान तथा सूचना प्रविधि नवप्रवर्तन केन्द्रको स्थापना गरेको छ। प्रदेशले गुणस्तर मापन प्रयोगशाला स्थापना गरी प्रविधि अनुकूल वातावरण निर्माण गरेको छ ।

२.३.३ सहरी तथा ग्रामिण विकास

लुम्बिनी प्रदेशले सहरी तथा ग्रामिण पूर्वाधार विकास अन्तर्गत ६ वटा एकीकृत सहरी पूर्वाधार परियोजना सञ्चालन गरेको छ । प्रदेशले ढल व्यवस्थापन १९०.३९ कि.मि. र फुटपाथ निर्माण १४.५९ कि.मि. सम्पन्न गरेको छ । प्रदेशको पहिचान स्वरूप 'प्रदेश द्वार' निर्माण गरेको छ ।

चखौरा थारु संग्रहालयको निर्माण गरी ३०० जनालाई रोजगारी प्रदान गरेको छ र दैनिक ३००-१००० पर्यटकको आवागमनले स्थानीय पर्यटन र सांस्कृतिक चेतनामा अभिवृद्धि गरेको छ ।

२.३.४ प्रदेश प्रशासनिक भवन

प्रदेशले शासन व्यवस्थाको प्रभावकारी सञ्चालनका लागि प्रयाप्त प्रशासनिक पूर्वाधार निर्माण गरेको छ । लुम्बिनी प्रदेश हलको निर्माण सम्पन्न गरेको छ भने ७,०१४ ओटा जनता आवास भवनहरू निर्माण गरेको छ । सरकारी प्रयोजनका लागि ५१ वटा भवन निर्माण गरेको छ । साथै, मुख्यमन्त्री कार्यालयसहित ७ वटा मन्त्रालय भवनहरूको अन्तिम चरणको काम सम्पन्न गर्दैछ । यी पूर्वाधारहरूले सरकारी सेवाको पहुँच, कार्यक्षमता र नागरिकमैत्री सेवा प्रणालीको विकासमा सहयोग पुर्याएको छ ।

२.४ प्रदेशका असल अभ्यास

२.४.१ प्रदेश राजधानी विकास आयोजना

तस्बिर २ : राप्ति उपत्यकामा हने संरचनाक

लुम्बिनी प्रदेश सरकारको आ.व २०७९/०८० र २०८०/०८१ ले राप्ती नदी सभ्यतामा आधारित हरित सुरक्षित र आधुनिक शहर निर्माण प्रदेशको गौरव आयोजनाको रुपमा अगाडि बढाएको छ। लुम्बिनी प्रदेशले २०७७/०६/१६ गतेको बैठकबाट राप्ती उपत्यकालाई लुम्बिनी प्रदेशको स्थायी राजधानी घोषणा गरेको थियो । राजधानी घोषणा पछि प्रदेश सरकारले राप्ती उपत्यकालाई नदी सभ्यतामा आधारित सुन्दर शहरको रुपमा विकास गर्न "पूर्वाधार विकास प्राधिकरण ऐन २०७७" बमोजिम काम गरिरहेको छ। प्रदेश पूर्वाधार विकास प्राधिकरणले प्रदेश राजधानी विकासको गुरुयोजना बनाएको छ र प्रदेश सरकारले सो गुरुयोजनाको स्वीकृत गरेको छ।प्राधिकरणले

तस्बिर ३ : योजना सम्पन्न भएपछि देखिने भवनको स्वरुप

स्वीकृत गुरुयोजना अनुसार राप्ती उपत्यकाका १४ वटा वडामा कुल १०,००० बिघा जग्गालाई एकीकरण गरेर विकास कार्यक्रम सञ्चालन गरेको छ । प्राधिकरणले पहिलो चरणमा १२०० बिघा जग्गामा १४ स्थानबाट जग्गा एकीकरण कार्यका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने कार्य गरिरहेको छ ।

प्राधिकरणले स्वीकृत गुरु योजना अनुसार राप्ती नदीको तटबन्ध तथा नदि करिडोर निर्माण, कर्मचारी आवास, अटोभिलेज जस्ता महत्वपुर्ण संरचना निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गरेको छ । सोही बमोजिम भवन निर्माणको लागि मिति **२०७९/०८/२८** गते निर्माण कम्पनीसँग सम्झौता गरेको थियो । योजनाको पहिलो चरणमा रु ४,२०९,१४०,००० र दोस्रो चरणमा रु ७४५,८९४,००० लागत अनुमान गरिएको छ |

२.४.२ लुम्बिनी प्रादेशिक अस्पताल

हालको लुम्बिनी प्रादेशिक अस्पताल १९६७ साल फाल्गुन १५ गते ११४ वर्ष पहिले स्थापना भएको थियो । सो अस्पताललाई २०२४ सालमा लुम्बिनी अञ्चल अस्पतालको रुपमा परिणत गरेको थियो । प्रदेश सरकार बनेपश्चात २०७५ साल माघमा लुम्बिनी अञ्चल अस्पताललाई प्रदेश सरकारले आफ्नो मातहतमा लिएको थियो । प्रदेशले यसलाई ३०० शैय्याको लुम्बिनी प्रादेशिक अस्पतालको रुपमा सञ्चालन गरेको छ ।प्रदेशले यसलाई १२०० शैय्यामा स्तरोन्नति गरी सञ्चालन गर्न लागेको हो। प्रदेशले नारायणी पश्चिमका जनतालाई अत्याधुनिक उपकरणसहित धेरै प्रकारका स्वास्थ्य सेवा उपलब्ध गराउने लक्ष्य लिएको छ । यसलाई प्रदेश गौरवको आयोजनाभित्र राखेर प्रदेशले निर्माण काम गर्दैछ । प्रादेशिक अस्पताल हाताभित्र रहेका निजी औषधी पसल हटाएर अस्पतालले आफै औषधि पसल सञ्चालन गरेको छ | ३०० शैय्याबाट १२०० शैय्यामा रूपान्तरण गर्ने क्रममा दुई नयाँ ब्लकहरू ७०० शैय्या क्षमताको मुख्य ब्लक र १०० शैय्या क्षमताको ओन्कोलोजी ब्लक (क्यान्सर भवन) सञ्चालन गर्न प्रस्ताव गरेको छ ।७०० शैय्याको मुख्य अस्पतालको ब्लक १० तल्ले भवन र २ तहको बेसमेन्ट र १०० शैय्याको ओन्कोलोजी ब्लक ४ तल्ले भवन र १ तहको बेसमेन्ट हुने योजना छ । प्रस्तावित लुम्बिनी प्रादेशिक अस्पतालबाट दिइने सेवाहरुमा बहिरङ्ग सेवा तर्फ जनरल मेडिसिन, नाक, कान, घाटी, हाडजोर्नी, छाती रोग, बालरोग, दन्त रोग, यौन रोग आदि रहने छन् भने अन्तरङ्ग सेवा तर्फ मेडिकल वार्ड, एनेसथेसियोलोजी, अपरेशन थियटर, सर्जरी आदि रहने

तस्बिर ४ : लुम्बिनी प्रादेशिक अस्पतालको निर्माणाधिन भवन

छन्। त्यसैगरी निदानात्मक सेवा तर्फ प्रयोगशाला, एक्सरे, इ. जि. सि., इन्डोसकपी रहने छन्। यस बाहेक २४ सै घण्टा आकस्मिक सेवा र फार्मेसी सेवा उपलब्ध हुनेछन् । प्रदेशले २०८०/११/२६ गते निर्माण कम्पनीसँग सम्झौता गरेर २०८५ पुससम्म काम सम्पन्न हुने लक्ष्य सहित निर्माणको काम शुरु गरेको छ | यो आयोजनाको कुल लागत रु ६,१८७,५८६,९५७ अनुमान छ । प्रदेशले अस्पतालको पुरानो भवन भत्काएर नयाँ भवन निर्माणको लागि २०८१/०५/१५ गते शिलान्यास गरेको छ |

२.४.३ रामपुर, रोल्पा जिनावांग सडक

प्रदेश सरकारले रामपुर कपुरकोट सडकलाई गौरव सडक आयोजनाभित्र राखेको छ । प्रदेशले करिब ३४२ कि.मी. लम्बाईको यो सडक पाल्पा, अर्घाखाँची, प्यूठान र रोल्पा समेत गरी ४ जिल्लालाई समेट्दै प्रदेशको पूर्व पश्चिम राजमार्गको रुपमा विस्तार गर्न लागेको हो । प्रदेश सरकारले हालसम्म पाल्पा जिल्लामा ३.२ कि.मी. र अर्घाखाँचीमा ४० कि.मी. सडक खण्डमा कालोपत्रे सम्पन्न गरेको । प्रदेशले कतिपय खण्डमा कालोपत्रे गर्न बहुवर्षीय ठेक्का लगाएको छ भने कतिपय ठाउँमा त्यसको व्यवस्थापनको तयारी गर्दैछ । सडक विस्तारको कारण आसपासका क्षेत्रमा हुने कृषिजन्य उत्पादनहरुहरु देशका विभिन्न स्थान र भारत सम्म बिक्री वितरण हुन्छ | यस क्षेत्रवाट वार्षिक ३ करोड को तरकारी उत्पादन र विक्री वितरण हुने गरेको छ |

तस्बिर ५ : रोल्पा जिनाबाङ सडक अन्तर्गत प्युठान क्वाडीको सडक

२.४.४ लुम्बिनी प्राविधिक विश्वविद्यालय

प्रविधि र नवप्रवर्धनको प्रयोग र विकास मार्फत सूचना प्रविधि, इन्जिनियरिङ, कृषि तथा वन, पर्यटन लगायतका क्षेत्रमा उच्च शिक्षालाई अगाडि बढाउने उद्देश्यले प्रदेश व्यवस्थापिकाको ऐनबाट २०७९ असार १८ गते प्रदेशले लुम्बिनी प्राविधिक विश्वविद्यालयको स्थापना गरेको हो। ।आ.व

तस्विर ६ : लुम्बिनी प्रादेशिक विश्वविद्यालय

२०८०/०८१ बाट इन्जिनियरिङ्ग तथा सूचना प्रविधि अध्ययन संस्थान अन्तर्गत २ वटा कार्यक्रम (B.Tech. in CS & AI र B.Tech. in IT) बाट सुरुआत गरेको यस विश्वविद्यालयमा आ.व २०८१/८२ को पुस मसान्त सम्म इन्जिनियरिङ तर्फ थप २ वटा कार्यक्रम थपेको छ । लुम्बिनी विश्वविद्यालयले B.Tech. in IT र B.Tech. in Computer Science, Artificial Intelligence को २/२ वटा ब्याच र B.Tech. in IT Engineering र B.Tech. in Civil Engineering को १/१ व्याच कार्यक्रम सञ्चालन गरिरहेको छ । आ.व २०७९/८० मा ३३ जना र आ.व २०८१/८२ मा १३९ गरी जम्मा १७२ विधार्थी अध्ययनरत छन् | विश्वव्यापीकरणको प्रभावले प्रविधिमा आएको परिवर्तन सँगै बदलिदो परिवेश अनुकूलको योग्य र दक्ष सीपमूलक प्राविधिक जनशक्ति उत्पादन गर्ने प्रमुख लक्ष्य राखेको यस विश्वविद्यालयमा इन्जिनियरिङ्, कृषि,वन, पर्यटन, सूचना प्रविधि जस्ता प्राविधिक विषयहरूमा विश्वविद्यालयले अध्ययन, अध्यापन र अनुसन्धान गर्ने गराउने गरेकोछ। प्रविधिमूलक शिक्षाबाट विद्यार्थीहरूलाई आत्मनिर्भर बनाउने अपेक्षाका साथ विश्वविद्यालयभित्र आविस्कार, अनुसन्धान र नवप्रवर्तन केन्द्र स्थापना गरी ज्ञान र प्रविधिलाई बौद्धिक सम्पति सम्बन्धी अधिकार (पेटेन्ट अधिकार) को माध्यमबाट औद्योगीकरणमा जोड दिनेगरी भावी योजना रहेको छ।यस विश्वविद्यालयको कुल लागत १९ करोड अनुमान गरिएको छ ।

२.५ सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र

सुशासन, भ्रष्टाचार नियन्त्रण र योजना तर्जुमा सम्बन्धी गतिविधिहरू प्रदेश सरकारद्वारा प्रभावकारी ढङ्गले अगाडि बढाइएका छन्, जसले संस्थागत क्षमता, जनउत्तरदायिता र दीर्घकालीन विकास योजनाको निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेका छन्।

२.५.१ सुशासन

प्रदेश सरकारले जनगुनासो सङ्कलन तथा सम्बोधन प्रणालीलाई सुदृढ गर्दै जनउत्तरदायी शासन प्रणालीको अभ्यासलाई प्रवर्द्धन गरेको छ । नागरिकका गुनासा दर्ता, अनुगमन र समाधान प्रक्रियालाई संस्थागत रूपमा विकास गर्दै सेवा प्रवाहको गुणस्तरमा सुधार ल्याउने प्रयास गरेको छ । यस्तै, नैतिकता र सदाचार प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गर्दै सार्वजनिक सेवामा कार्यरत कर्मचारी र जनप्रतिनिधिहरूको आचरणमा पारदर्शिता र जवाफदेहिता कायम राख्न पहल गरेको छ । सुशासनसम्बन्धी तालिम कार्यक्रमहरू मार्फत जनप्रतिनिधि तथा कर्मचारीको क्षमता अभिवृद्धि गरी उनीहरूलाई उत्तरदायी र दक्ष बनाउने कार्य गरेको छ । साथै, नीति र कार्यक्रमहरूको कार्यान्वयन सुनिश्चित गर्न अनुगमन, मूल्याङ्कन तथा अनुपोषण प्रणालीलाई पनि संस्थागत गरेको छ । प्रदेशको सुशासनसम्बन्धी ऐन र नियमावली निर्माण गरी कार्यान्वयनमा ल्याएको छ, जसले नीति तथा कानुनी संरचनालाई स्पष्ट, पारदर्शी र उत्तरदायी बनाएको छ।

२.५.२ भ्रष्टाचार नियन्त्रण

प्रदेश सरकारले भ्रष्टाचार नियन्त्रणलाई प्राथमिकतामा राख्दै सार्वजनिक प्रशासनलाई मितव्ययी, पारदर्शी, नियमबद्ध र प्रभावकारी बनाउने कार्यमा विशेष ध्यान दिएको छ । यसै सन्दर्भमा, प्रदेश सरकार तथा मातहतका निकायहरूको आर्थिक प्रशासनमा सुधार ल्याउन सार्वजनिक खरिदको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिकाहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । यी निर्देशिकाहरूले सरकारी खरिद प्रक्रियालाई पारदर्शी, प्रतिस्पर्धात्मक र जवाफदेही बनाउँदै अपारदर्शिता र अनियमितताको सम्भावनालाई न्यून बनाएको छ।

२.५.३ योजना तर्जुमा

प्रदेशले विकास र समृद्धिका लागि दीर्घकालीन दृष्टिकोण अनुरूप दोस्रो पञ्चवर्षीय योजना तयार गरेको छ, जसले प्रदेशको सामाजिक, आर्थिक र पूर्वाधार विकासमा रणनीतिक मार्गदर्शन प्रदान गरेको छ । यस्तै, योजनाहरूको अभिलेखिकरण र कार्यान्वयनमा प्रभावकारिता सुनिश्चित गर्न 'प्रदेश योजना बैंक' को कार्यविधि निर्माण प्रक्रिया अगाडि बढाएको छ । वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गर्दा दीर्घकालीन रणनीतिक उद्देश्यसँग जोडिएर कार्य गर्ने मार्गदर्शन गरेको छ,

जसले योजनाको समन्वय, प्राथमिकता निर्धारण र कार्यान्वयन क्षमतामा सुधार ल्याउने प्रदेशले अपेक्षा गरेको छ ।

अध्याय ३: सार्वजनिक वित्त व्यवस्थापन

३. सार्वजनिक वित्त व्यवस्थापन

३.१ प्रादेशको बजेट

वित्तीय सङ्घीयताको कार्यान्वयनसँगै लुम्बिनी प्रदेशले संविधानले दिएको खर्च र राजस्व सम्बन्धी अधिकारको उपयोग गर्दै आएको छ । खर्च गर्ने क्षमतामा अभिवृद्धि भएपनि आन्तरिक स्रोत परिचालन प्रभावकारी हुन सकेको छैन । परिणामस्वरूप सङ्घीय सरकार माथिको निर्भरता यथावत छ । संविधान प्रदत्त राजस्व अधिकारको पूर्ण उपयोग हुन सकेको छैन । कुल राजस्व परिचालनमा आन्तरिक राजस्वको हिस्सा अत्यन्त न्यून छ । आन्तरिक ऋणको परिचालन सम्बन्धी संस्थागत एवम् कानूनी व्यवस्था हुन सकेको छैन ।

प्रदेशले सार्वजनिक वित्त व्यवस्थापनलाई प्रविधिमैत्री बनाई प्रभावकारिता र पारदर्शिता अभिवृद्धि गरेको छ । प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (पीएलएमबीआईएस), प्रदेश एकल खाता कोष प्रणाली (पीटीएसए), (सी-जीएएस, बीएमआईएस, आरएमआईएस र पीएएमएस) लगायतका सूचना प्रणालीको कार्यान्वयन गरेको छ । प्रदेशले वित्तीय अनुशासन र विनियोजन कुशलता हासिल गर्दै बजेट कार्यान्वयनमा दक्षता अभिवृद्धि गर्न मध्यमकालीन खर्च संरचनाको तर्जुमा गरेको छ । साथै, आयोजना तथा कार्यक्रम छनौट प्रणालीलाई व्यवस्थित गर्न प्रदेश गौरवका आयोजना सम्बन्धी मापदण्ड, २०७६, बहुवर्षीय आयोजना स्वीकृति तथा ठेक्का सम्बन्धी मापदण्ड २०८० र प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । तीन तहमा कार्यान्वयन हुने आयोजनाको दोहोरोपन हटाउनको लागि प्रदेशले पूँजी निर्माणमा प्रत्यक्ष सहयोग गर्ने कार्यक्रमलाई बजेटमा प्राथमिकिकरण गर्ने प्रदेश आयोजना बैंक सम्बन्धी निर्देशिका तर्जुमा गर्दैछ ।

तालिका ५ : प्रदेशको वार्षिक बजेट २०७५/७६ देखि २०८२/८३ सम्म (करोडमा)

आ.व	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३
बजेट	२८०९	३६४२	३६३५	४०९६	४२६४	४०४८	३८९७	३८९०

स्रोत:आर्थिक मामिला तथा योजना मन्त्रालय

लुम्बिनी प्रदेशको स्थापना कालदेखि हालसम्मको कुल बजेटलाई अध्ययन गर्दा, प्रत्येक आर्थिक वर्षमा प्रदेश सरकारद्वारा विनियोजित बजेटको वृद्धिदर तथा गिरावट प्रस्ट देख्न सकिन्छ। प्रदेश सरकारको प्रारम्भिक आर्थिक वर्ष २०७५/७६ मा कुल बजेट २८ अर्ब ९० करोड ३० लाख रुपैयाँ थियो । यस प्रारम्भिक वर्षमा प्रदेश सरकारले संरचनागत विकास, नीति निर्माण, र सेवा प्रवाहलाई सुदृढ गर्न प्राथमिकता दिएको थियो ।

आ.व. २०७६/७७ मा बजेट वृद्धि भएर ३६ अर्ब ४१ करोड ६८ लाख रुपैयाँ पुगेको थियो । सो वर्ष पूर्वाधार विकास, स्वास्थ्य सेवा सुधार, र कृषि क्षेत्रको प्रवर्द्धनमा केन्द्रित कार्यक्रमहरू सञ्चालन गरेको थियो । आ.व. २०७७/७८ मा कुल बजेट ३६ अर्ब ३५ करोड २५ लाख रुपैयाँमा झरेको थियो जुन अघिल्लो आ.व.को तुल्नामा सामान्य गिरावट भएको थियो ।

आ.व. २०७८/७९ मा बजेट पुनः बढेर ४० अर्ब ९५ करोड ९७ लाख रुपैयाँ पुगेको थियो । यो वृद्धि स्वास्थ्य सेवा सुदृढीकरण, राहत तथा पुनरुत्थान योजनाहरू, र रोजगारी सिर्जनासँग सम्बन्धित कार्यक्रमहरूसँग जोडिएको थियो । आ.व.२०७९/८० मा बजेट ४२ अर्ब ६३ करोड ५७ लाख रुपैयाँ पुगेको थियो, जुन लुम्बिनी प्रदेशमा बढ्दो पूर्वाधार विकास तथा लगानी प्रवर्द्धन नीतिहरूसँग सम्बन्धित थियो ।

आ.व. २०७९/८० पछि बजेटमा लगातार गिरावट आएको छ । २०८०/८१ मा बजेट ४० अर्ब ४७ करोड ९७ लाख रुपैयाँ थियो भने २०८१/८२ मा घटेर ३८ अर्ब ९७ करोड रुपैयाँमा सीमित भयो । आ.व. २०८२/८३ मा घटेर ३८ अर्ब ८९ करोड ९४ लाख ७२ हजार पुगेको छ । बजेटमा आएको गिरावट सङ्घीय सरकारबाट प्राप्त अनुदानको कटौती, आन्तरिक राजस्व सङ्कलनमा आएको मन्दी, तथा खर्चको पुनःसंरचनाका कारण हुनसक्छ । प्रदेश सरकारले बजेटको सीमित उपयोग भए पनि दीर्घकालीन विकास योजनामा ध्यान दिन आवश्यक छ ।

लुम्बिनी प्रदेशको कुल प्रादेशिक आयमा सङ्घबाट प्राप्त हुने वित्तीय हस्तान्तरण र अन्य प्राप्तिको हिस्सा पछिल्ला आर्थिक वर्षहरुमा घट्दै गइरहेको छ भने प्रादेशिक राजस्वको हिस्सा विस्तारै बढ्दै गएको छ ।

३.२ प्रादेशको खर्च

आर्थिक वर्ष २०८०/८१ चैत्र मसान्तसम्म विनियोजित बजेटको अनुपातमा प्रादेशिक खर्च गत आर्थिक वर्षको सोहि अवधिको तुलनामा ०.९ प्रतिशतले घटेको छ । आर्थिक वर्ष २०७९/८० को चैत्र मसान्तसम्म कुल खर्च रु. १५ अर्ब ३ करोड थियो । आर्थिक वर्ष २०८०/८१ को सोहि अवधिमा रु. १३ अर्ब ८८ करोड खर्च भएको थियो |त्यस्तै आर्थिक वर्ष २०८१/८२ मा चालु खर्च ११.२४ अर्ब र पुँजीगत खर्च २४.५८ अर्ब छ |

तालिका ६ : लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०७४/७५ देखि २०८०/८१ को खर्च विवरण

खर्च शीर्षक	आ.व. 074/75	आ.व. 075/76	आ.व. 076/77	आ.व. ०७७/७८	आ.व. 07८/७९	आ.व. 079/80	आ.व. 2080/81
चालु खर्च जम्मा	125328	6861297	10685759	13598813	12646866	12507586	10418922
पुँजीगत खर्च जम्मा	65496	10172829	14721313	18504229	17407816	17736568	16017771

कुल जम्मा खर्च	190824	17034126	25407072	32103042	30054683	30244155	26436693
स्रोत:आर्थिक मामिला तथा योजना मन्त्रालय							

लुम्बिनी प्रदेश सरकारको कुल खर्चमा पुँजीगत खर्चको अंश उच्च छ । आर्थिक वर्ष २०८०/८१ चैत्र मसान्तसम्म कुल प्रादेशिक खर्चमा पुँजीगत र चालु खर्चको अंश क्रमशः ५५.२ प्रतिशत र ४४.८ प्रतिशत छ । आर्थिक वर्ष २०७९/८० को सोही अवधिमा यस्तो अंश क्रमशः ४८.३५ प्रतिशत र ५१.६५ प्रतिशत थियो | आर्थिक वर्ष २०८१/८२ को अवधिमा यस्तो अंश क्रमशः ३१.३७ प्रतिशत र ६८.६२ प्रतिशत छ ।

अध्याय ४: अन्तरतह समन्वय र सहकार्य

४. अन्तरतह समन्वय र सहकार्य

गण्डकी प्रदेश र लुम्बिनी प्रदेश बीचको संयुक्त बैठक मिति २०८१/१०/३० गते पाल्पाको रानीमहलमा बसेको थियो जसमा दुवै सरकारका मुख्यमन्त्री सम्मिलित बैठकले २१ बुँदे निर्णय गरी विकासमा सहकार्य गर्ने साझा धारणा तय गरेको छ | दुवै प्रदेश धार्मिक पर्यटनले बढी सम्भावनायुक्त भएकोले धार्मिक क्षेत्रमा सहज आवतजावत मिलाउन तयारी गरेको छ । यस्तै, लुम्बिनीदेखि लोमान्थाङसम्म सिल्क सडक, लुम्बिनीदेखि त्रिवेणी दुम्कीबास सडक, गैँडाकोट कालीगण्डकी कोरिडोर, दुम्कीबास ज्यामिरे हुँदै कालीगण्डकी कोरिडोर र भीमगिठे देखि बुर्तिबाङ हुँदै झिमुक सडक स्तरोन्नतिका लागि प्राथमिकताका साथ प्रक्रिया अघि बढाउने निर्णय गरेको छ । सिद्धार्थ राजमार्गको पोखरादेखि बुटवल सडक खण्डलाई डेडिकेटेड दुई लेनमा विस्तार गर्न सङ्घ सरकारसँग संयुक्त पहल गर्ने, भरतपुर-बुटवल-पोखरा जोडिएको आर्थिक त्रिभुज परियोजना कार्यान्वयनका लागि दबाब दिने र प्रादेशिक औद्योगिक क्षेत्र स्थापनाका लागि आगामी वर्षको बजेटमा प्रस्ताव गर्ने निर्णय पनि गरेको छ । दुवै प्रदेशको बृहत्तर हितमा योगदान पुर्याउने सह-लगानीका ठुला आयोजना पहिचान र कार्यान्वयन गर्ने, खानी तथा खनिज उद्योगको स्थापना, सञ्चालन एवम् विस्तार र प्राकृतिक स्रोतजन्य उत्पादनको बिक्री वितरणलाई व्यवस्थित गर्ने, उद्योगहरूको कार्यक्षेत्र विस्तार गर्दै बुटवलमा निर्माणाधीन मोतीपुर औद्योगिक क्षेत्र र गण्डकी प्रदेशमा निर्माणाधीन लोकाहा खोला औद्योगिक क्षेत्र प्रयोग गर्न निजी क्षेत्रलाई सहजीकरण गर्ने निर्णय गरेको छ ।कृषि तथा पशुपन्छीजन्य उत्पादनको बजारीकरण, गुणस्तर सुनिश्चितता एवम् वितरण प्रणालीलाई व्यवस्थित गर्न पोखरा र लुम्बिनीको उपयुक्त स्थानमा चिस्यान केन्द्र सहित बिक्री कक्ष निर्माण गर्ने, कालीगण्डकी कोरिडोरलाई आर्थिक कोरिडोरको रूपमा विकास गर्ने, कृषि उपज तथा वनजन्य जडिबुटीलाई मूल्य शृङ्खलासँग जोड्न प्रशोधन केन्द्र स्थापनाका लागि निजी क्षेत्रलाई ब्याज अनुदान दिने, प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक सम्पदामा आधारित पर्यटनको एकीकृत विकास गर्ने निर्णय गरेको छ । लुम्बिनीबाट पोखरा हुँदै मुक्तिनाथ जोड्ने पर्यटन मार्गको विकास गर्ने, गोरखाबाट तनहुँ हुँदै स्याङ्जाबाट पाल्पा, गुल्मी, प्युठान र रोल्पा जोड्ने मगर सांस्कृतिक पर्यटकीय पदमार्ग, लुम्बिनी प्रदेशमा थारु-अवध-नेवार र गण्डकी प्रदेशका गुरुङ, थकाली, नेवार तथा समुदाय विशेष पर्यटकीय पदमार्ग विस्तारका लागि एकीकृत कार्यक्रम बनाउन दुवै प्रदेश सहमत भएका छन् | लुम्बिनीमा बुद्ध सर्किट विकास गरी धार्मिक तथा स्वास्थ्य पर्यटन र गण्डकी प्रदेशका मनास्लु क्षेत्र, अन्नपूर्ण क्षेत्र, मुक्तिनाथ क्षेत्र तथा पोखरालाई साहसिक, धार्मिक तथा स्वास्थ्य पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न एकीकृत काम गर्ने, लुम्बिनीको बाँके र बर्दिया राष्ट्रिय निकुञ्ज तथा गण्डकीको चितवन राष्ट्रिय निकुञ्ज, मनास्लु र अन्नपूर्ण संरक्षण क्षेत्रसँगै ढोरपाटन सिकार आरक्षलाई समेटेर

नयाँ पर्यटकीय सर्किट तयार गर्ने तथा पाल्पाको रानीमहलको प्रवर्द्धन र संरक्षण तथा रानी महल क्षेत्रमा जलाशय सहितको पर्यटकीय पूर्वाधार विकास गर्न संयुक्त कामगर्ने निर्णय समेत गरेको छ ।

त्यस्तै कर्णाली र लुम्बिनी सरकारले १९ बुँदे समझदारी गरेका छन् । दुवै प्रदेशले तर्जुमा गर्ने र भएका कानुनको सम्बन्धमा पारस्परिक सहयोग, समन्वय र सहकार्य गरी एकरुपता कायम गर्ने निर्णय गरेका छन् । प्रदेश कानुन बमोजिम लगाइने करका सम्बन्धमा दुवै प्रदेशबीच एकरुपता कायम गर्ने र प्राकृतिक स्रोत साधनबाट सङ्कलन हुने रोयल्टी बाँडफाँटको विषयमा सामञ्जस्यता कायम गर्ने निर्णयमा उल्लेख छ । राष्ट्रिय गौरवको भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना शीघ्र सम्पन्न गर्न दुवै प्रदेश सरकारको तर्फवाट नेपाल सरकार समक्ष समन्वय गर्ने र स्थानीय स्तरका आयोजना सम्बद्ध सवालहरूमा स्थानीय तह समेतको समन्वयमा विवाद समाधानका लागि आवश्यक पहल गर्ने जस्ता विषयहरु समावेश छन् | अन्तर-प्रदेश आबद्ध भएका देहायका सडक पूर्वाधार निर्माणका लागि आवश्यकता अनुसार नेपाल सरकारसँग समन्वय गरी साझेदारी र सहकार्य गर्ने निर्णय गरेको छ जसमा जमुनाह-हिल्सा सडक, सुर्खेत-तेलपानी-भुरीगाउँ सडक, राप्ती लोकमार्ग निर्माण, कोहलपुर-सुर्खेत सडक विस्तार, कोहलपुर-बबई तथा बबई-छिन्चु सुरूङमार्ग सम्भाव्यता अध्ययन गर्ने निर्णय छन् | त्यस्तै लुम्बिनी प्रदेशका विमानस्थलबाट कर्णाली प्रदेशका हिमाली जिल्लामा नियमित हवाई उडान गर्न आवश्यक पहल गर्ने र लुम्बिनीमा आउने धार्मिक पर्यटकहरूलाई कर्णालीको साहसिक पर्यटकीय गन्तव्यसम्म जोड्ने गरी एकीकृत पर्यटन मार्ग निर्माण गर्न गुरुयोजना तयारी र लगानीमा सहकार्य गर्ने निर्णय गरेका छन् । दुवै प्रदेशका पर्यटकीय क्षेत्रलाई जोडेर संयुक्त पर्यटन प्याकेज निर्माणको लागि निजी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने निर्णय गरेका छन् | दुवै प्रदेशको सीमानामा रहेका नदीनालाहरूमा जलविद्युत् उत्पादन, प्रसारण लाइन विस्तार, खानेपानी तथा सिँचाइ संरचना निर्माण गर्दा समन्वय र सहकार्य गर्ने दुवै प्रदेशले सहमति गरेका छन् । कर्णाली प्रदेशको फलफूल, जडीबुटी, अर्गानिक तरकारी र अन्य उत्पादनलाई लुम्बिनी प्रदेशका मुख्य बजारकेन्द्रहरूसम्मको पहुँच एवम् लुम्बिनी प्रदेशको खाद्यान्न लगायतका कृषि उत्पादनको प्रवर्द्धन गर्दै कर्णाली प्रदेशका बजार केन्द्रहरूसम्मको पहुँच बढाउन तथा बजार पूर्वाधार तयार गर्न समन्वय र सहकार्य गर्ने निर्णय गरेका छन् ।

तालिका ७ : **अन्तर प्रदेश समन्वय परिषदका वैठक**

वैठकहरू	पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	छैठौ	सातौ
मिति	२०७५/०६/९२१०	२०७६/०१/३०	२०७६/०६/६	२०७७/१०/१८	२०७८/१२/२	२०७९/०५/२७	२०८०/१०/४

स्रोत : मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश ।

लुम्बिनी प्रदेशले हालसम्म ७ वटा अन्तर प्रदेश समन्वय परिषद्को बैठक सम्पन्न गरेको छ |

अध्याय ५: प्रदेशसभा सम्बन्धी विवरण

५ प्रदेश सभा सम्बन्धी विवरण

लुम्बिनीमा ५२ वटा प्रदेशसभाको निर्वाचन क्षेत्र छन् । लुम्बिनी प्रदेसभामा प्रत्यक्षबाट ५२ जना र समानुपातिक प्रणालीबाट ३५ जना गरी कुल ८७ जना सदस्य छन् | प्रदेश सभाको पहिलो बैठक २०७४ माघ २१ गते बसी पहिलो प्रदेश सभाको प्रारम्भ भएको थियो | त्यसैगरी २०७९ पौष १८ गते दोस्रो प्रदेश सभाको पहिलो बैठक बसेको थियो | प्रदेश सभा अन्तर्गत सातवटा समितिहरू छन् ।[3] प्रदेश सभाका लागि आवश्यक सभा हल, विषयगत समितिहरू, संसदीय दलका कार्यालयहरू र पुस्तकालय जस्ता संरचनाहरूको प्रभावकारी र मर्यादित व्यवस्थापन गर्न संविधानको धारा १९५ बमोजिम प्रदेश सभा सचिवालय र सचिवको व्यवस्था गरेको छ । प्रदेशसभा सचिवायल सम्बन्धी ऐन, २०७५ बनी सचिवायलयको स्थापना तथा प्रदेश सभा सचिवको नियुक्ति भएको छ । तत्कालीन अवस्थामा सङ्घीय सरकारको सामान्य प्रशासन मन्त्रालयले पठाएको दरबन्दी बमोजिम सचिवको नेतृत्वमा ३६ जना कर्मचारीहरूको व्यवस्था छ । पहिलो प्रदेशसभाले ७२ वटा विधेयक पारित गरेका थिए । दोस्रो प्रदेशसभाले १४ वटा विधेयक पारित गरेका छन् ।

[3] प्रदेशसभाका समितिहरूः अर्थ, उद्योग तथा प्रर्यटन समिति, कृषि वन तथा वाताबरण समिति, प्रदेश मामिला तथा तथा कानुन समिति, भौतिक पूर्वाधार तथा विकास समिति, सामाजिक विकास समिति, सार्वजनिक लेखा समिति, र विशेषाधिकार समिति

अध्याय ६: प्रमुख चुनौती र निष्कर्षहरू

६.१ प्रमुख चुनौतिहरू

- **विकास योजनाको असमान वितरण :** भौगोलिक तथा सामाजिक दृष्टिले पछाडि परेका क्षेत्रहरूले आवश्यकतानुसार परियोजना र पूर्वाधार प्राप्त गर्न सकेका छैनन् । यसले दीर्घकालीन असमानता र असन्तुलन सिर्जना गरिरहेको छ।
- **उत्पादनमुखी र निर्यातमुखी अर्थतन्त्रमा रुपान्तरणको अभाव :** प्रदेश अझै सेवा र उपभोगमुखी अर्थतन्त्रमा निर्भर छ। तुलनात्मक लाभ भएका कृषि, वन, जलस्रोत, र पर्यटन क्षेत्रमा उच्च मूल्य सिर्जना गर्न सक्ने नीति तथा कार्यक्रमहरूको अभाव छ । प्रदेशले रोजगारी, निर्यात, र आन्तरिक आम्दानीमा अपेक्षित वृद्धि गर्न सकेको छैन।
- **जलवायु परिवर्तन र भौगोलिक संवेदनशीलता :** लुम्बिनी प्रदेश भूकम्पीय जोखिम र जलवायु परिवर्तनको असरसँग जुध्नका लागि वातावरणमैत्री तथा भू-संवेदनशील भू-उपयोग योजना, विपद् व्यवस्थापन पूर्वतयारी, र हरित अर्थतन्त्र निर्माणका लागि ठोस प्रयास हुन सकेको छैन ।
- **पूर्वाधार र स्रोतको सीमितता :** सिँचाइ पूर्वाधार, अस्पतालहरूमा अत्यावश्यक उपकरण, जनशक्ति, तथा चिस्यान केन्द्रहरूको व्यवस्थापनमा समस्या छ । विशेषतः सुक्खा मौसममा पानीको अभावले कृषि उत्पादनमा समस्या हुने गरेको छ। यस्ता पूर्वाधारहरूको दीगो र वैज्ञानिक सुधार आवश्यक छ।
- **सङ्घीय समन्वय र कानुनी अधुरोपन :** सङ्घीय सरकारले समयमै आवश्यक ऐन, नियमावली निर्माण नगर्दा प्रदेशले आफ्ना अधिकारको उपयोग गर्न सकेको छैन । यसले नीति निर्माण, कार्यक्रम कार्यान्वयन, र बजेट खर्च गर्न समस्या भएको छ ।
- **जनशक्ति र रोजगार क्षेत्रको तालमेलको अभाव :** प्रदेशको श्रम बजारमा कस्तो जनशक्तिको आवश्यकता छ भन्ने विषयमा आधारभूत अध्ययन र योजनाको अभाव छ । उत्पादनशील क्षेत्रमा रोजगार सिर्जनाको अभाव छ ।
- **सूचना तथा प्रविधिको पहुँचमा असमानता :** इन्टरनेट सेवा तथा डिजिटल पूर्वाधार ग्रामीण र पिछडिएको क्षेत्रहरूमा सीमित मात्रामा उपलब्ध छ । डिजिटल सेवाको उपयोगमा असमानताको कारण सरकारी सेवा प्रवाह र जनताको पहुँचमा बाधा उत्पन्न गरेको छ।
- **सहकार्यको अभाव :** कृषक समूह, निजी क्षेत्र, सहकारी संस्था, र स्थानीय तहहरूबीचको सहकार्य कमजोर छ । यसले परियोजनाहरूको दीर्घकालीन सञ्चालन, निगरानी, तथा समुदायको स्वामित्वको भावना विकास गर्न सकेको छैन।

६.२ निष्कर्ष

लुम्बिनी प्रदेशले सङ्घीय संरचनामा समाहित भएर सात वर्षको अवधिमा उल्लेखनीय प्रगति हासिल गरेको छ । प्रदेशले नीति निर्माण, पूर्वाधार विकास, रोजगारी सृजना, कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, र सुशासनका क्षेत्रमा धेरै उपलब्धि हासिल गरेको छ । विशेषतः, खानेपानी, सडक, डिजिटल सेवा, तथा प्रदेश गौरवका आयोजनाहरू (जस्तै, लुम्बिनी प्रादेशिक अस्पताल, प्राविधिक विश्वविद्यालय, राजधानी विकास) ले सकारात्मक प्रभाव पारेका छन् ।

मझौला योजनाको लागि निरन्तर काठमाडौं जानुपर्ने बाध्यता अन्त्य भएको छ । जसले भिजन देखेको छ उसैले कार्यान्वयन गर्ने अवसर प्राप्त गरेको छ । समग्रमा लुम्बिनी प्रदेश जनसङ्ख्या र भूगोलको आधारमा बजेट विनियोजन गर्न केही हदसम्म सफल भएको छ ।

तर, यी उपलब्धिहरूका बीचमा अझै गम्भीर संरचनागत र प्रणालीगत चुनौतीहरू कायम छन्। सङ्घीयता कार्यान्वयनको प्रारम्भिक चरणमा देखिएका जटिलताहरू, कानुनी अपूरोपन, स्रोत परिचालनको सीमा, र समन्वयको अभावले विकासको गति अवरुद्ध गर्ने खतरा हुन्छ । प्रदेशको बजेट विनियोजनमा गिरावट आएको कारण आन्तरिक स्रोत परिचालन र कार्यक्रम प्रभावकारिता कमजोरको सङ्केत गर्छ । सामाजिक क्षेत्र, विशेष गरी शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा मा प्रदेशले केही ठोस काम गरेपनि जनसाधारणको पहुँचमा समान सेवा पुऱ्याउन सकेको छैन । अन्तर-प्रदेश सहकार्यको थालनी भएको छ, तर त्यसलाई नीतिगत संरचना र साझा लगानीसम्म विस्तार गर्नुपर्ने आवश्यकता छ ।

६.३ सुझाव

- **विकास योजनामा समावेशिता र वैज्ञानिक प्राथमिकता अपनाउनु :** लुम्बिनी प्रदेशले निर्वाचन क्षेत्रसँगै तथ्याङ्कमा आधारित आवश्यकता मूल्याङ्कन प्रणाली विकास गरेर योजनाको वितरण गर्नु पर्नेछ । समान विकास सुनिश्चित गर्न सामाजिक सूचक र भौगोलिक पहुँचलाई आधार मानेर बजेट विनियोजन गर्नुपर्नेछ।

- **उत्पादनमूलक अर्थतन्त्रको विकास :** प्रदेशले कृषि, पर्यटन, खानी, वन जस्ता क्षेत्रलाई उद्योगसँग जोड्ने कार्यक्रम सञ्चालन गर्न आवश्यक छ । मूल्य श्रृंखला विकास, प्रोसेसिङ, प्याकेजिङ, र निर्यात प्रबर्द्धनका लागि निजी क्षेत्रलाई आकर्षित गर्न नीति बनाउनुपर्छ ।

- **सङ्घीय र स्थानीय तहसँग समन्वय बलियो बनाउनु :** कानुनी अस्पष्टता अन्त्य गर्न सङ्घीय सरकारसँग निरन्तर संवाद र दबाब कायम राख्नुपर्नेछ । योजना, कार्यान्वयन र अनुगमनमा तीनवटै तहबीच स्पष्ट जिम्मेवारी र साझेदारीको संरचना तयार गर्नु आवश्यक छ।

- **सिँचाइ, पानी र वन व्यवस्थापनमा दीर्घकालीन योजना :** जलस्रोत संरक्षण, जलाधार क्षेत्र सुधार, वर्षाजल सङ्कलन, जलाशय निर्माणमा लगानी बढाउन आवश्यक छ । चुरे संरक्षण, सिमसार संरक्षण, र जडिबुटी अभिलेखीकरणमा प्रदेश, केन्द्र, र स्थानीय तहबीच साझा कार्यक्रम ल्याउनु पर्नेछ ।

- **सामाजिक सेवा क्षेत्रमा संरचना र दक्षता सुधार :** सबै जिल्ला अस्पतालहरूमा न्यूनतम सेवा, जनशक्ति र उपकरण सुनिश्चित गर्ने नीति ल्याउनु पर्छ । विद्यालयमा डिजिटल शिक्षण, विज्ञान प्रयोगशाला, र व्यावसायिक तालिम अनिवार्य बनाउनु पर्छ ।
- **सिप विकास र श्रम बजारबीच समन्वय** : रोजगारी र सिप सम्बन्धी अध्ययन र डाटा प्रणाली स्थापना गर्नु पर्छ । साना उद्योग, हस्तकला, तथा परम्परागत सीपमा आधारित उद्यम विकासमा अनुदान र सहुलियत दिने व्यवस्था गर्नुपर्छ ।

- **डिजिटल प्रशासन र सूचना पहुँच विस्तार :** ग्रामीण क्षेत्रमा इन्टरनेट सेवा, ई-गभर्नेन्स, र मोबाइल एप-आधारित सेवा विस्तार गर्न आवश्यक छ । जनप्रतिनिधि र कर्मचारीलाई सूचना प्रविधि तालिम अनिवार्य बनाउनु ।

- **आय स्रोत र बजेट कार्यान्वयन सुदृढ गर्नु :** आन्तरिक स्रोतको विविधीकरण (पर्यटन शुल्क, वन स्रोत, कर) गर्नु । बहुवर्षीय आयोजना व्यवस्थापन, समयमै ठेक्का प्रक्रिया, र मूल्याङ्कन प्रणालीमा सुधार गर्नु ।

सन्दर्भ सामाग्री

अर्थ मन्त्रालय । (२०८१) । *आर्थिक सर्वेक्षण, २०८१* । नेपाल सरकार ।

आर्थिक मामिला तथा योजना मन्त्रालय । (२०८२) । प्रदेश आर्थिक सर्वेक्षण आ.व. २०८१/०८२ । दाङ : लुम्बिनी प्रदेश सरकार ।

केन्द्रीय तथ्याङ्क कार्यालय । (२०७८) । *जनगणना प्रतिवेदन, २०७८* । काठमाडौँ : नेपाल सरकार ।

नेपाल राष्ट्र बैंक । (२०८१) । *वार्षिक प्रतिवेदन, २०८१* । काठमाडौँ : नेपाल राष्ट्र बैंक ।

नेपाल सरकार । (२०७२) । *नेपालको संविधान* । नेपाल कानुन आयोग ।

महालेखा परीक्षकको कार्यालय । (२०८१) । *महालेखा परीक्षकको प्रतिवेदन, २०८१* । काठमाडौँ : नेपाल सरकार ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग । (२०७५) । *जानकारी पुस्तिका, २०७५* । काठमाडौँ : नेपाल सरकार ।

लुम्बिनी प्रदेश सरकार । (२०८१) । *लुम्बिनी प्रदेशको दोस्रो पञ्चवर्षीय योजना (आ.व. २०८१/८२-२०८५/८६)* । दाङ : लुम्बिनी प्रदेश सरकार ।

लुम्बिनी प्रदेश सरकार । (२०८१) । *पहिलो आवधिक योजनाको समीक्षा प्रतिवेदन* । दाङ :

लुम्बिनी प्रदेश सरकार । लुम्बिनी प्रदेश सरकार । (२०७७) । *लुम्बिनी प्रदेश सरकारका ३ वर्षका अनुभव र उपलब्धिहरू* । दाङ : मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।

लुम्बिनी प्रदेश सरकार । (२०७६) । *लुम्बिनी प्रदेशको पहिलो पञ्चवर्षीय योजना (आ.व. २०७६/७७-२०८०/८१)* । बुटवल : लुम्बिनी प्रदेश सरकार ।

अनुसुचीहरू

अनुसूची-१ लुम्बिनी प्रदेश अन्तर्गतका मन्त्रालयहरु

- आन्तारिक मामिला तथा कानुन मन्त्रालय
- आर्थिक मामिला तथा योजना मन्त्रालय
- उद्योग पर्यटन तथा यातायात मन्त्रालय
- कृषि भुमि व्यवस्था तथा सहकारी मन्त्रालय
- शहरी विकाश तथा खानेपानी मन्त्रालय
- भौतिक पूर्वाधार विकाश मन्त्रालय
- वन तथा वातावरण मन्त्रालय
- सामाजिक विकास मन्त्रालय
- स्वास्थ्य मन्त्रालय
- उर्जा जलश्रोत तथा सिँचाइ मन्त्रालय
- युवा तथा खेलकुद मन्त्रालय

अनुसूची २: मुख्यमन्त्री लगायत अन्य व्यक्तित्वहरूको भनाइ

"छोटो समयमा चुनौतिपूर्ण काममा प्राप्त सफलताले प्रदेश सरकार सञ्चालनको बलियो आधार तयार भएको छ |प्रदेश सरकारका लागि आफु बढ्ने बाटो आफै तयार गर्नुपर्ने बाध्यता थियो ,त्यो चुनौतिपूर्ण कामलाई जिम्मेवारीबोधका साथ अघि बढाउदै यतिखेर प्रदेश सरकार संबैधानिक रुपमा मात्र नभई नागरिकले अपनत्व गर्ने सरकारको रुपमा स्थापित भएको छ | "

पा.शंकर पोख्रेल
संस्थापक मुख्यमन्त्री

"प्रदेशमा पुर्व विशिष्ट व्यक्ति हरुले पाउने सुविधा कटौती गरि खर्च मितव्ययिता अपनाइएको छ |प्रदेशका धेरै योजनाहरु आगाडी बढेका छन् | सुशासन युक्त प्रदेशको निर्माण र प्रदेशको विकासलाई प्रभावकारी बनाउन विभिन्न योजनाहरू अघि बढाइएको छ जसमा साना र छरिएका योजनाहरूलाई निरुत्साहित गर्दै, ठूला र मझौला योजनाहरूमा बजेट केन्द्रित गर्ने रणनीति, प्रदेशको विकासलाई व्यवस्थित बनाउन आवधिक योजना र आयोजना बैंकलाई सशक्त रूपमा लागू गर्ने योजना, अन्तर प्रदेश सहकार्य र समन्वय, तथ्याङ्कमा आधारित योजना निर्माण जस्ता विषयहरु पनि समावेश छन् |"

मा.चेत नारायण आचार्य
मुख्यमन्त्री

"प्रदेश स्थापनाको कारणले गर्दा जसको निमित्त कानुन बनाएका छौ उसको संलग्नता , विभेदमा परेका व्यक्तिहरुको कानुनमा सहज पहुँच र आफ्नो राजनीतिक अधिकारको प्रयोग,सदुपयोग र अनुभूत गर्न पाउने अवस्था सिर्जना भएको छ |"

मा.तुलाराम घर्ति
सभामुख

"प्रदेशले जनताको नजिक रहेर संघिय सरकारले ध्यान दिन नसकेको र स्थानीय सरकारले गर्न नसकेको कामहरु कतिपय टुंगो मा पुर्याएको छ भने कतिपय गर्न बाँकि नै छ | पहाडी हिल स्टेसन, सर्वाजनिक सवारी साधनलाई व्यवस्थित गर्नका लागि रिफ्रेश सेन्टर ,बुटवलको लुम्बिनी प्रादेशिक हस्पिटल ,लमहीको ट्रमा हस्पिटल,चुन ढुंगा खानी मापदण्ड रिडी क्षेत्रलाइ हरिद्वारको शिरविन्दु बनाउने जस्ता योजनाहरु आगाडी बढेका छन जसमा केहि पुरा भएको र केहि पुरा हुन बाकी छन् |"

मा.लिला गिरि
पुर्व मुख्यमन्त्री

"प्रदेशले काठमाडौं पुग्न नसक्ने जनताहरुको आवश्यकता परिपूर्ति गर्ने प्रयास गरेको छ |म आफै मुख्य मन्त्रि हुँदा करिब १२००० मानिस हरुले प्रदेशको कार्यालयमा भ्रमण गरि योजनाहरुको विषयमा जानकारी लिए| पहिला केवल एकल सरकार थियो तुलनात्मक विश्लेषण हुने हुदैनथ्यो तर आहिले कुन प्रदेश राम्रो हुने भनी प्रदेश-प्रदेश बीच प्रतिस्पर्धा भएको छ | सङ्घियता Competition to development and Access to development हो र प्रदेशले Quick survey गरि हरेक जिल्लाको सम्भाव्यता पत्ता लगाएर त्यसै अनुसार आगाडी
जिनावंग सडक
बिक्रि वितरण
देखि ३ करोड
पप्रांगारिक
स्याउ,जडीबुटी
गरिएको छ |
गरि अगाडी
१२ कुने दह
को निर्माण
जनाले रोजगारि

"संघियता आउनुभन्दा अगाडी ११.५ जिल्लामा करिव २७ व
जिल्ला कार्यालय गरि जम्मा करिव ३१२ कार्यालय भएको
हाल करिव ७ वटा बाकि कार्यालय भइ जम्मा ७८ कार्यालय छ
र २३४ कार्यालय हटेका छन् |हरेक कार्यालयमा हाकिम, अफि
क्वाटर, गाडि घोडा पियन कर्मचारी सबै थिए। करिव २३० व
कार्यालय लुम्बिनी प्रदेशमा हटदा कति बचत भयो। हाल १०-
मन्त्रालय भए पनि निकै ठुलो खर्च कम भएको छ |"

डा.गोविन्द रा
पोखरेल

पुर्व उपाध्यक्ष
राष्ट्रिय योज

"प्रदेशको स्थापना पश्चात जनताका आधारभुत आवश्यकता (सिँचाइ, खानेपानी, शिक्षा, रोजगारी, स्वास्थ्य, यातायात, साना तथा मझौला उद्योग)हरुको नीतिगात रुपमा सम्बोधन हुने गरि अगाडी बढेको छ | प्रदेशको जनसङ्ख्या र भूगोल अनुसारको बजेट विनियोजन गरेको छ |संसद तथा संसद भन्दा बाहिर उत्पीडित जति,वर्ग,समुदायको प्रतिनिधित्व भएको छ |

म रगतको प्रसोधनमा लाग्ने शुल्क
प्र शुल्क रगत दिने व्यवस्था गरेको
ि

मा.इन्द्रजित थारु
पुर्व स्वास्थ्यमन्त्री

"सङ्घीयता राज्यको लागि खर्चिलो देखिएतापनि जनताको लागि सुलभ छ | केन्द्रिकृत व्यबस्थामा ६ ओटा तह थिए,त्यो आहिले घटेर ३ तह बनेको छ,पहिले वडा तहदेखि हुने जनप्रतिनिधिहरुको सङ्ख्या घटेको छ |म आफै प्रदेशको सभामुख हुँदै संघिय सांसदको रुपमा उपस्थीत हुँदा सङ्घमा आउने बिधेयेकहरु सङ्घीयता प्रेरित छ कि छैन भनेर हेर्ने र कमि कमजोरी भएमा सच्याउने गर्दछु | सङ्घको नेतृत्व गर्ने व्यक्ति प्रदेश संरचना मा अनुभवी भएको हुनुपर्दछ |

प्रदेश सरकारले घोषणा गरेपछि बुटवलमा
दिपा थियो | सपथ ग्रहण समारोहमा
राष्ट्रि बाट हामै समयमा ७२ ओटा कानुन
निर्मा ाको द्रुतता र कोरोना महामारीको
समय भूमिका हाम्रो लागि गर्वको विषय हो |"

मा.पूर्ण बहादुर घर्ति
संस्थापक सभामुख

"एकात्मक समस्याको पहिचान गर्न सकेको अवस्था थिएन जसको फल्स्वरूप संघियता आयो र प्रदेश संरचनाले मझौला प्रकारका तथा जनतासंग गस निर्माणका कामहरु आगाडी बढायो र जन विकासमा आफै संलग्न हुने अवसरको सिर्ज

मा.कृष्णा के.सी 'नमुना'
पुर्व मन्त्री

अनुसूची ३ :लुम्बिनी प्रदेशको स्थानीय तह र निर्वाचन क्षेत्र

क्र स	जिल्ला	स्थानीय तह				निर्वाचन क्षेत्र	
		उपमहानगरपालिका	नगरपालिका	गाउँपालिका	वडा	प्रतिनिधि सभा	प्रदेश सभा
१	नवलपरासी पश्चिम	-	३	४	७४	२	४
२	रुपन्देही	१	५	१०	१५५	५	१०
३	कपिलवस्तु	-	६	४	९६	३	६
४	पाल्पा	-	२	८	८१	२	४
५	अर्घाखाँची	-	३	३	६१	१	२
६	गुल्मी	-	२	१०	९३	२	४
७	प्युठान	-	२	७	६४	१	२
८	दाङ	२	१	७	१००	३	६
९	बाँके	१	१	६	८१	३	६
१०	बर्दिया	-	६	२	७५	२	४
११	रुकुम पुर्व	-	-	३	३१	१	२
१२	रोल्पा	-	१	९	७२	१	२
जम्मा	१२	४	३२	७३	९८३	२६	५२

अनुसूची ४ :लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०७५/७६ देखि २०८१/८२ सम्मको बजेट (हजारमा)

स्रोत	२०७५/७६ को लक्ष्य	२०७६/७७ को लक्ष्य	२०७७/७८ को लक्ष्य	२०७८/७९ को लक्ष्य	२०७९/८० को लक्ष्य	२०८०/८१ को लक्ष्य	२०८1/८2 को लक्ष्य
सङ्घबाट प्राप्त हुने राजश्व बाँडफाँड		९९१२३००	९४६७७००	९५३४५००	११५४९९००	११३१७४००	१२०१५०००
सङ्घबाट प्राप्त हुने रोयल्टी	१०००००	३०००००	३०३०००	४००१५०	३०००००	२९००००	५०१७११
प्रदेशको आन्तरिक आय	९०२०३००	१०२२५००	२०३७७००	७१६५६६४	४१०५९००	५९८५१००	४७१२०८३
प्रदेश र स्थानीय तहविच बाँडफाँड हुने राजश्व (प्रदेशले सङ्कलन गर्ने)	११४००००	१६०००००	१२०००००	२२०००००	२००००००	२००००००	२८०००००

प्रदेश र स्थानीय तहविच बाँडफाँड हुने राजश्व (स्थानीय तहले सङ्कलन गर्ने)	६९००००	१९७१५००	१२५५१००	२०३७५००	२२०३५००	२५०३०००	२९२१९०६
सङ्घबाट प्राप्त अनुदान	१७१४००००	१६६१०५००	१४१४४०००	१५७२१५९८	१८४७६४००	१५३८४२००	१४०१९३००
गत वर्षको मौज्दात		50,00,000	79,45,000	39,00,288	40,00,000	30,00,000	20,00,000
कुल जम्मा	**२८०९०३००**	**३६४१६८००**	**३६३५२५००**	**४०९५९७००**	**४२६३५७००**	**४०४७९७००**	**३८९७०००० **

स्रोत:आर्थिक मामिला तथा योजना मन्त्रालय

अनुसूची ५:लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०७५/७६ देखि २०८१/८२ सम्मको राजश्व अनुमान र प्रगति (हजार)

स्रोत	२०७५/७६ को लक्ष्य	आ.व. २०७५/७६ यथार्थ	२०७६/७७ को लक्ष्य	आ.व. २०७६/७७ यथार्थ	२०७७/७८ को लक्ष्य	आ.व. २०७७/७८ यथार्थ	२०७८/७९ को लक्ष्य	आ.व. २०७८/७९ यथार्थ	२०७९/८० को लक्ष्य	आ.व. २०79/80 यथार्थ	२०८०/८१ को लक्ष्य	आ.व.२०८०/८१ यथार्थ	२०८1/८2 को लक्ष्य
सङ्घबाट प्राप्त हुने राजश्व बाँडफाँड			९९१२३००	६६७२७५६	९४६७७००	८३९६२९०	९५३४५००	९७०५५३६	११५४९९००	९०८५५३९	११३१७४००	८८५५८८३	१२०१५००००
सङ्घबाट प्राप्त हुने रोयल्टी	१०००००	२५०९८३	३०००००	२९८४०७	३०३०००	२६१०५०	४००१५०	२९३४१७	३०००००	०	२९००००	१९००४२	५०१७११
प्रदेशको आन्तरिक आय	९०२०३००	९३६६८५	१०२२५००	११२२३१५	२०३७७००	२०४२५४६	७१६५६६४	२२१७४४९	४१०५९००	२०६००९६	५९८५१००	१६८३४०५	४७१२०८३
प्रदेश र स्थानीय तहविच बाँडफाँड हुने राजश्व (प्रदेशले सङ्कलन गर्ने)	११४००००	९९८१३३	१६०००००	१११२७४६	१२०००००	१४४५५३२	२२०००००	१५४१७४९	२००००००	१५५३४८१	२००००००	१७५३८०४	२८०००००
प्रदेश र स्थानीय तहविच बाँडफाँड हुने राजश्व (स्थानीय तहले सङ्कलन गर्ने)	६९००००	९८२४८०	१९७१५००	९८६९६९	१२५५१००	१२५५२०६	२०३७५००	१७३२७५०	२२०३५००	१३५१५९१	२५०३०००	१५४७१०३	२९२१९०६
सङ्घबाट प्राप्त अनुदान	१७१४००००	१७२५३२००	१६६१०५००	१७०७८८७८	१४१४४०००	१७३७६५६२	१५७२१५९८	१७७४५५०७	१८४७६४००	१५०१७२०८	१५३८४२००	१२१२३४६५	१४०१९३००
गत वर्षको मौज्दात		8,29,841.74	50,00,000	75,24,669	79,45,000	83,80,744	39,00,288	47,04,236	40,00,000	52,65,087	30,00,000	25,18,962	20,00,000
कुल जम्मा	**२८०९०३०० **	**२८२६९८३७**	**३६४१६८०० **	**३४७९६७४१**	**३६३५२५०० **	**३९१५७९३० **	**४०९५९७०० **	**३७९४०६४२**	**४२६३५७०० **	**३४३३३००२**	**४०४७९७०० **	**२८६७२६६३**	**३८९७०००० **

स्रोत:आर्थिक मामिला तथा योजना मन्त्रालय

अनुसूची ६:निकायगत बजेट विनियोजन प्रतिशत

क्र.सं.	निकाय/मन्त्रालय	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२
	जम्मा विनियोजित बजेट (रु.करोडमा)	**4095.97**	**4263.57**	**4047.97**	**3897**
१	भौतिक पूर्वाधार विकास मन्त्रालय	22.21	23.77	34.04	26.91
२	स्वास्थ्य मन्त्रालय	10.01	10.75	10.95	14.77
३	खानेपानी, ग्रामिण तथा सहरी विकास मन्त्रालय	14.57	16.29	14.70	13.88
४	उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय	8.86	8.59		8.39
५	स्थानीय तह वित्तीय हस्तान्तरण	11.82	11.33	8.87	8.06
६	सामाजिक विकास मन्त्रालय	6.71	6.60	7.13	7.30
७	वन तथा वातावरण मन्त्रालय	4.56	4.74	5.12	5.78
८	कृषि तथा भूमि व्यवस्था मन्त्रालय	8.31	5.82	4.84	3.80
९	उद्योग, पर्यटन मन्त्रालय	1.03	1.00	3.78	3.71
१०	अर्थ - विविध	4.95	3.08	3.45	2.83

क्र.सं.	निकाय/मन्त्रालय	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२
	जम्मा विनियोजित बजेट (रु.करोडमा)	**4095.97**	**4263.57**	**4047.97**	**3897**
११	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	1.35	2.34	3.95	1.66
१२	आन्तरिक मामिला तथा कानून मन्त्रालय	1.64	1.58	1.66	1.18
१३	प्रदेश सभा	0.63	0.76	0.84	0.71
१४	महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय	1.49	1.32		0.46
१५	आर्थिक मामिला तथा योजना मन्त्रालय	0.76	0.96	0.32	0.26
१६	प्रदेश लोक सेवा आयोग	0.13	0.12	0.25	0.23
१७	प्रदेश योजना आयोग	0.09	0.09	0.10	0.08
१८	मुख्य न्यायाधिवक्ताको कार्यालय	0.03	0.04		
१९	श्रम, रोजगार तथा यातायात व्यवस्था मन्त्रालय	0.83	0.81		

स्रोत:आर्थिक मामिला तथा योजना मन्त्रालय

अनुसूची ७ :प्रदेश सभामा दर्ता भएका बिधेयेक सम्बन्धि जानकारी

पहिलो
कार्यकालमा दर्ता भएका विधेयकहरुको कारबाही सम्बन्धी विवरण

अधिवेशन	दर्ता सङ्ख्या	सभाबाट पारित	प्रमाणीकरण	फिर्ता/संविधान अनुसार निष्कृय भएका	प्रमाणीकरण भएका ७२ मध्ये			अध्यादेश
					संशोधन विधेयक	सालबसाली विधेयक	मुख्य विधेयक	
पहिलो	८	४	४	-		१	३	-
दोस्रो	८	११	११	-	२	२	७	-
तेस्रो	२४	२३	२३	-			२३	-
चौथो	१०	१०	१०	-	२	२	६	-
पाँचौ	५	१	१	-			१	-
छैठौँ	१०	१०	१०	-	४	२	४	-
सातौँ	१	३	१	-			१	-
आठौँ	६	-	२	-	१		१	-
नवौँ	२	५	५	-		२	३	-
दशौँ	१०	५	५	-	-	२	३	१
जम्मा	**८४**	**७२**	**७२**	**१२**	**९**	**११**	**५२**	**१**

लुम्बिनी प्रदेश सभा सचिवालय दोस्रो कार्यकालमा दर्ता भएका विधेयकहरुको कारबाही सम्बन्धी विवरण

अधिवेशन	दर्ता सङ्ख्या	सभाबाट पारित	प्रमाणीकरण	प्रमाणीकरणको चरणमा	फिर्ता भएका	प्रमाणीकरण भएका १२ मध्ये		
						संशोधन विधेयक	साल बसाली विधेयक	मुख्य विधेयक
पहिलो	४	१	१	-	२	१	०	०
दोस्रो	३	३	३	-	-	-	२	१
तेस्रो	-	-	-	-	-	-	-	-

चौथो	६	६	४	-	-	-	२	३
पाँचौं	१	४	२	२	-	१		२
जम्मा	**१४**	**१४**	**१०**	**२**	**२**	**२**	**४**	**६**

स्रोत:प्रदेश सभाको कार्यालय

अनुसूची ८ : प्रदेश सरकारमा दर्ता भएका विधेयकहरुको विवरण

पहिलो कार्यकालमा दर्ता भएका विधेयकहरुको विवरण

- प्रदेश नं ५,प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक
- प्रदेश नं ५, प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक
- प्रदेश नं ५, का सार्वजनिक लिखित प्रमाणीकरण कार्यविधिको सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक
- प्रदेश नं ५, अन्तर्गतका गाउँ सभा र नगर सभाको कानून निर्माण प्रक्रियाका सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक
- प्रदेश नं ५, प्रदेश सरकारको आर्थिक वर्ष ०७४/७५ को सेवा र कार्यहरुको लागी प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- प्रदेश नं ५, प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- प्रदेश नं ५, प्रदेश सरकारका मुख्य मन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- प्रदेश नं ५, प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- प्रदेश नं ५, प्रदेश वित्त व्यवस्थापन विधेयक २०७५
- प्रदेशको कर तथा गैर कर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- प्रदेश नं ५, प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक (आर्थिक विधेयक, २०७५)
- प्रदेश नं ५, प्रदेश सरकारको आ.व. २०७५÷०७६ को सेवा र कार्यहरुको लागि प्रदेश संचित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

- मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवा र अन्य शर्तका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५
- प्रदेश नं ५, प्रदेश लोक सेवा आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक, २०७५
- प्रदेश नं ५, अन्तर्गतका गाउँ सभा र नगर सभाको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७५ संशोधन गर्न बनेको विधेयक
- प्रदेश नं ५, प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ संशोधन गर्न बनेकोे विधेयक
- प्रदेश नं ५, जाँचबुझ आयोगको गठन तथा काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- प्रदेश नं ५, सङ्घ सँस्थाहरुको दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- प्रदेश नं ५, अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- प्रदेश नं ५, प्रदेश प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- प्रदेश नं ५, जिल्ला सभा तथा जिल्ला समन्वय समिति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- प्रदेश नं ५, प्रशासकीय कार्यविधि (नियमित गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- प्रदेश नं ५, प्रदेश आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- प्रदेश नं ५, सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- प्रदेश नं ५, बीउ बिजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- प्रदेश नं ५, दाना पदार्थ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- प्रदेश नं ५, मल व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- प्रदेश नं ५, पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- प्रदेश नं ५, प्रदेश पशु वधशाला तथा मासु जाँच सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- प्रदेश नं ५, औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- प्रदेश नं ५, भवन निर्माण कार्यलाई व्यवस्थित एवम् नियमित गर्ने सम्बन्धमा बनेको विधेयक
- प्रदेश नं ५, तथ्याङ्क सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- प्रदेश नं ५, खानी अन्वेषण र व्यवस्थापनसम्बन्धी बनेको विधेयक
- प्रदेश नं ५, प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नविकरण तथा स्तरोन्नति गर्न बनेको विधेयक
- प्रदेश नं ५, बालबालिकाको हक अधिकार संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

- प्रदेश नं ५, खेलकुद विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- प्रदेश नं ५, प्रदेश पर्यटन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक
- गाँउ सभा र नगरसभाको कार्यसञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक
- सडक सवारी, यातायात तथा परिवहन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- प्रदेशको अभिलेख संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६
- प्रदेश नं. ५, प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७६
- आर्थिक वर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि प्रदेश नम्बर ५ प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- प्रदेश पदक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- प्राइभेट फर्म दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- प्रदेश नं. ५, सूचना तथा संचार प्रविधि प्रतिष्ठानको स्थापना तथा सञ्चालन सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक
- सुशासनको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- प्रदेश नं ५, अन्तर्गतका स्थानीयतहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ लाई संसोधन गर्न बनेको विधेयक
- प्रदेश नं ५, प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक
- वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको विधेयक
- लोकसेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- सडक निर्माण, मर्मत-संभार तथा विस्तार गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- बजार नियमन तथा प्रतिस्पर्धा प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- केही प्रदेश ऐन संशोधन गर्ने विधेयक, २०७७
- “प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक”

- “सेवा केन्द्र तथा पुनर्स्थापना केन्द्रको स्थापना तथा सञ्चालन र सेवा तथा पुनर्स्थापना कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक”
- “प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक”
- “आर्थिक वर्ष २०७७।७८ को सेवा र कार्यका लागि प्रदेश नं. ५, प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक”
- “प्रदेश विश्वविद्यालयको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापन गर्न बनेको विधेयक”
- “स्थानीय तहका पदाधिकारीको सुविधा सम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक”
- “प्रदेश पूर्वाधार विकास प्राधिकरणको स्थापना र सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक”
- “प्रदेश नं. ५ प्रदेश पदक ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक”
- “विज्ञान प्रविधि तथा बहुप्राविधिक प्रतिष्ठानको स्थापना तथा सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक”
- जीवनाशक विषादी नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- संचार माध्यम सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- लुम्बिनी प्रदेश अनुसन्धान ब्युरोको स्थापना, काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- वन सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक
- "प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक"
- आर्थिक वर्ष २०७८/०७९ को सेवा र कार्यको लागि लुम्बिनी प्रदेश प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक
- "प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक "
- आर्थिक वर्ष २०७८/०७९ को सेवा र कार्यको लागि लुम्बिनी प्रदेश प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८
- संचार माध्यम सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७८
- औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित प्रदेश कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक
- प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक
- आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

- खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक
- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- प्रदेशको सिँचाइलाई व्यवस्थित गर्न बनेको विधेयक
- लुम्बिनी प्रशिक्षण प्रतिष्ठानको स्थापना, सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- प्रदेशमा विद्युतिय उर्जाको उत्पादन, प्रसारण र वितरण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

दोस्रो कार्यकालमा दर्ता भएका विधेयकहरुको विवरण

- "स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नती ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक" (अध्यादेशलाई प्रतिस्थापन गर्न बनेको विधेयक)
- लुम्बिनी प्रशिक्षण प्रतिष्ठानको स्थापना, सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नती ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक
- औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित प्रदेश कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक
- प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक
- आर्थिक वर्ष २०८०/८१ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक, २०८०
- स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक
- "प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक"
- आर्थिक वर्ष २०८१/८२ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- प्रदेश विपद व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- प्रदेश निजामती सेवा ऐन, २०८० लाई संशोधन गर्न बनेको विधेयक
- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- लुम्बिनी अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्न बनेको विधेयक

अनुसूची ९ : लुम्बिनी प्रदेश सभाका सदस्यहरुको नामावली

क्र.स	नाम	जिल्ला	मोबाइल नम्बर
1	मा. अनुराग खड्का	दाङ	९८२३६५४६३०
2	मा. अब्दुल रजाक गद्दि	रुपन्देही	९८५१११९७८६
3	मा. अम्बिका काफ्ले	बाँके	९८५८०२६२८२
4	मा. अर्जुन कुमार के.सी.	कपिलवस्तु	९८५७०५०२२२
5	मा. आदेश कुमार अग्रवाल	बाँके	९८५८०२००५६
6	मा. आशिष कुमार चौधरी	रुपन्देही	९८४७०२२१३३
7	मा. इन्द्र कुमारी गहतराज	पाल्पा	९८४७०५२८३४
8	मा. इन्द्रजित थारु	दाङ	९८५११२००२९
9	मा. कन्हैया बनिया	रुपन्देही	९८६९४७७३२६
10	मा. कृष्णा कुश्मा थारु	बर्दिया	९८५८०२५०२८
11	मा. कृष्णा के.सी.	बाँके	९८५८०२८०००
12	मा. खड्ग बस्नेत	नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)	९८५७०७३०३०
13	मा. खेम बहादुर सारु	पाल्पा	९८५७०६०४४४
14	मा. गिता गुरुङ्ग	रुपन्देही	९८६७९३५७५७
15	मा. गिरधारीलाल न्यौपाने	कपिलवस्तु	९८५११३८८६५
16	मा. चन्द्र केश गुप्ता	रुपन्देही	९८५७०१५८७४
17	मा. चिन्तामणी पाण्डे	गुल्मी	९८५७०२०३४४
18	मा. चेत नारायण आचार्य	अर्घाखाँची	९८५७०२८२३६
19	मा. जन्मजय तिमिल्सिना	बर्दिया	९८५१०७००४१
20	मा. जमुना ढकाल	रुपन्देही	९८४७०३४६७२
21	मा. जानकी न्यौपाने	रुपन्देही	९८५७०५७३९०
22	मा. जानकी प्रसाद यादव	कपिलवस्तु	९८५७०५५५०७
23	मा. जोख बहादुर महरा	रोल्पा	९८५११०९८९०
24	मा. डिल्लिराज भुसाल	गुल्मी	९८५७०२५०१५
25	मा. डिल्ली बहादुर चौधरी	दाङ	९८५८०२०७५०
26	मा. तारा थापा	गुल्मी	९८६९६७०८९४

27	मा. तुलसी प्रसाद चौधरी	रुपन्देही	९८५१११५०४३
28	मा. तुलाराम घर्ति मगर	पाल्पा	९८५७८११२२२
29	मा. तुल्सी राम शर्मा	प्यूठान	९८५७८३३३३८
30	मा. दिनेश पन्थी	गुल्मी	९८४१६९९०१८
31	मा. दिपेन्द्र कुमार पुन मगर	रोल्पा	९८५७८२०७००
32	मा. दिल कुमारी वुढा	रुकुम (पूर्वी भाग)	९८४७८८३०५०
33	मा. दुर्गा प्रसाद चौधरी	बाँके	९८४२७२६२३३
34	मा. देवकरण प्रसाद कलवार	नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)	९८५७०४५१९५
35	मा. देवी प्रसाद चौधरी	रुपन्देही	९८५७०२४४८२
36	मा. धन बहादुर के.सी.	रुकुम (पूर्वी भाग)	९८५१२५५४७३
37	मा. धन बहादुर मास्की	दाङ	९८५११३१५४८
38	मा. धन लक्ष्मी श्रेष्ठ	प्यूठान	९८४१७१६३२६
39	मा. धनेन्द्र कार्की	गुल्मी	९८५७०२६९२३
40	मा. धर्म वहादुर चौधरी	बर्दिया	९८५८०५२१८७
41	मा. नरमाया ढकाल	बर्दिया	९८५१०१२३७१
42	मा. नवराज लामिछाने	कपिलवस्तु	९८५७०२७३७१
43	मा. निमा गिरी	प्यूठान	९८४३०९४८९४
44	मा. निर्मला देवी थारू (चौधरी)	रुपन्देही	९८५७०१०४४२
45	मा. प्रचण्ड विक्रम न्यौपाने	दाङ	९८४१३००८५३
46	मा. बसन्ती न्यौपाने	बाँके	९८५८०२४३९८
47	मा. बादशाह कुर्मि	बाँके	९८५१२५०४४४
48	मा. भगवती अधिकारी	रुपन्देही	९८४७०५०६६६
49	मा. भगवती कुमारी थरुनी	रुपन्देही	९८५७०४९३१८
50	मा. भण्डारी लाल अहिर	बाँके	९८४००२३०३४
51	मा. भुवनेश्वर चौधरी	बर्दिया	९८४८१७४१४६
52	मा. भूमिश्वर ढकाल	रुपन्देही	९८५७०३००००
53	मा. भोज प्रसाद श्रेष्ठ	रुपन्देही	९८५७०३२८७०

54	मा. मधुसुदन शरण चौधरी/कुर्मी	कपिलवस्तु	९८५७०५०८४४
55	मा. माया पुन	बाँके	९८५८०४४३६८
56	मा. मालति सोडारी	बर्दिया	९८५८०३३३३८
57	मा. मिना कुमारी बोहरा	बाँके	९८४८०५२८३०
58	मा. मिना कुमारी श्रेष्ठ	बाँके	९८६८००८९४०
59	मा. मिना बुढामगर	रोल्पा	९८६६५३२८७२
60	मा. मेनुका खाँड के.सी	गुल्मी	९८५७८११३३३
61	मा. यम बहादुर नेपाली सार्की	गुल्मी	९८५७०२५२६४
62	मा. यमुना रोका तामाङ	रोल्पा	९८४९१९२००९
63	मा. रत्न बहादुर खत्री	बाँके	९८५८०२०८०८
64	मा. राजकुमार चौधरी	बर्दिया	९८०८१४६७७३
65	मा. राजु खनाल	दाङ	९८५७८३०२५०
66	मा. राजु प्रसाद श्रेष्ठ	पाल्पा	९८५७०६०५११
67	मा. रामजी प्रसाद घिमिरे	अर्घाखाँची	९८५७०६१०८७
68	मा. रेखा कुमारी शर्मा	दाङ	९८४१६४३०२४
69	मा. लिला गिरी	रुपन्देही	९८५७०२२७७२
70	मा. लोकी कुमारी वि. क.	दाङ	९८४७९५७०७७
71	मा. वसीउद्दीन खाँ	रुपन्देही	९८५७०२०९६९
72	मा. विष्णु प्रसाद पन्थी	कपिलवस्तु	९८५७०२१२७०
73	मा. विश्व प्रेम पाठक	नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)	९८५७०२३१३५
74	मा. विर बहादुर राना	पाल्पा	९८५७०६०७७५
75	मा. बैजनाथ कलवार	नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)	९८५७०२६१०५
76	मा. शान्ती लोध	रुपन्देही	९८०६९३१८७८
77	मा. शुशिला बादी	बाँके	९८४८२३५६३०
78	मा. सन्जु कुमारी चौधरी	बाँके	९८५८०७८३७८
79	मा. सन्तोष कुमार पाण्डेय	रुपन्देही	९८५७०२२५९८
80	मा. सरिता पुन	रुकुम (पूर्वी भाग)	९७४१७३७१३३

81	मा. सरोज थापा	प्यूठान	९८५१०९९५०७
82	मा. सायरा बानो	बाँके	९८६६५०६०४२
83	मा. सीता शर्मा	दाङ	९८४६८०९२७५
84	मा. सुधाकर पाण्डेय	कपिलवस्तु	९८६७४००३३२
85	मा. सुमन सर्मा रायमाझी	बर्दिया	९८५७०५२४६८
86	मा. सुरुल पुन	रुकुम (पूर्वी भाग)	९८४९५२८४९५
87	मा. हेमा वेल्वासे (के.सी.)	रुपन्देही	९८४७०३८२२७